# नेपालमा चिकित्सा शिक्षा, सरोकार र सान्दर्भिकताः सङ्क्षिप्त अध्ययन

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org

# नेपालमा चिकित्सा शिक्षा, सरोकार र सान्दर्भिकताः सङ्क्षिप्त अध्ययन


प्रकाशक: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

प्रकाशन मिति: २०७५ भदौ



सर्वाधिकार: इन्सेकमा सुरक्षित

# अनशनको निरन्तरता, मागमा अनिश्चितता

नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। मौलिक हकमा उल्लेखित प्रावधानहरूको सफल कार्यान्वयनका लागि २०७५ असोज २ गतेसम्म कानुन बनाइ लागु गरिसक्नुपर्ने बाध्यता नेपाल सरकारलाई छ। तदनुरुप स्वास्थ्य विधेयक सङ्घीय संसद्मा विचारधीन रहेको छ। नेपालको स्वास्थ्य क्षेत्र विभिन्न समस्याले ग्रस्त छ। सरकारले निःशुल्क उपलब्ध गराउने भनेका औषधीहरू स्वास्थ्य संस्थामा पाइँदैन, दरबन्दी अनुसारका चिकित्सक स्वास्थ्य संस्थामा उपलब्ध हुँदैनन्, दरबन्दी भएका स्वास्थ्य संस्थामा पनि चिकित्सक नखटिनु, विशेषज्ञ चिकित्सकको प्राथमिकता ग्रामीण क्षेत्र नहुनु जस्ता कारणले दूरदराजका नेपाली सर्वसुलभ स्वास्थ्य सेवाबाट बञ्चित छन्। कतिपय मानिसहरू स्वास्थ्य सेवाका तमाम विकृतिका कारण नेपालको मेडिकल शिक्षालाई मान्छन्। महँगो शुल्क तिरेर अध्ययन गरेका डाक्टर आफूले अध्ययनका क्रममा गरेको लगानी छिट्टै उठोस् भन्ने चाहान्छन्। त्यसैले उनीहरूको प्राथमिकता देशत्रिकै सुगम ठाउँ हुने गर्छ नभए विदेश त हुने नै भयो।

विगत केही समयदेखि नेपालको राजनीतिक तथा सामाजिक क्षेत्र डाक्टर गोविन्द केसीको अनशन वरपर घुमिरहेको छ। पन्ध्रपटक अनशन बसिसकेका डाक्टर केसीका केही मागहरू मेडिकल शिक्षा सर्वसुलभ र पहुँच योग्य हुनुपर्छ भन्ने देखिन्छ। यो विषयमा कसैको दुईमत नहोला। उनका सबै अनशनहरू सरकारसँगको सहमतिसँगै तोडिएका छन् र केही समयपछि सहमति पूरा नभएको भन्दै नयाँ मागहरूको सूचीसहित फेरि अनशन सुरु भएका छन्। डाक्टर केसीका माग कति राजनीतिक छन् ? कति सामाजिक छन् ? यसलाईसमेत केलाउनु आवश्यक छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले डाक्टर केसीका १५ ओटै अनशनको अनुगमन गरेको छ।

लोकतन्त्रमा कानुन बनाउने विधि भनेको संसद नै हो। संसदले मात्रै कानुन बन(ाउन सक्छ। “सत्याग्रही”ले कानुन बनाउने र कानुन कार्यान्वयन गर्ने तथा न्याय निरूपण गर्ने जुनसुकै निकायलाई खबरदारी गर्न सक्छ। माग प्रस्तुत गर्न सक्छ। आग्रह, अनुरोध गर्न सक्छ तर त्यस्ता विषयवस्तुको उठान गर्दा सभ्य भाषा र सभ्य विरोधको शैली अपनाउनुपर्छ। सरकारको काबु बाहिरका मागमा समेत सरकारले सहमति गर्नु र सरकारले कार्यान्वयन गरेन भनेर फेरि अनशन बस्नु नियमितता नै भएको छ। डाक्टर केसीका माग “भ्रष्ट प्रधानन्यायाधीश”लाई कारबाही गर भन्नेसम्म पुगेको छ। डाक्टर केसीका मागका बारेमा नबोल्ने, असहमति जनाउने, ऐक्यबद्धता नगर्ने सबैलाई “मेडिकल माफियाको” पगरी लग(ाइदिने तप्का पनि समाजमा देखिएको छ।

सरकारी छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकले समेत दुर्गम ठाउँमा निश्चित अवधि सेवा गर्नुपर्ने अवधिलाई कम गर्नुपर्ने डाक्टर केसीको मागले झन् समस्या ल्याउन सक्छ। एउटा विश्वविद्यालयले पाँच भन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन दिन नपाउने

पछिल्लो सहमतिले आवश्यक परेका ठाउँमा मेडिकल कलेज खोल्ने मागको बर्खिलाप हुने देखिन्छ। विश्वविद्यालयले त क्षमताले भ्याएसम्मका कलेजलाई सम्बन्धन दिन सक्छ। दिनु पर्छ पनि। विश्वविद्यालयको क्षमता बढाउन माग गर्नुको साटो विश्वविद्यालय क्षमताविहीन छन् त्यसैले पाँच ओटालाई मात्र सम्बन्धन दिनुपर्छ भनी गरिएको माग र सहमतिले नेपाल सरकारले बजेटमा व्यवस्था गरेको सबै प्रदेशमा मेडिकल कलेज खोल्ने प्रस्ताव खेर जाने देखिन्छ। प्रादेशिक विश्वविद्यालयले पाँच वटामात्र मेडिकल कलेजलाई सम्बन्धन दिँदा कुन कुन जिल्लालाई सदाका लागि मेडिकल कलेजबाट विमुख पार्ने भन्ने सवाल उठ्ने छ। कतिपय जिल्लामा घना आवादीका अनेक शहर हुन सक्छन्। अर्थात: अनुगमन, स्तरीयता र आवश्यकतालाई प्रमुख मापदण्ड बनाउँदा डा. केसीको अभिप्राय र नागरिकको आवश्यकता दुवैले न्याय पाउने देखिन्छ।

मेडिकल कलेजका लागि तीन सय बेडको अस्पताल (जहाँ तीन सय जना बिरामीको आवासीय उपचार हुन सकोस्) चाहिन्छ। आशय-पत्र लिइसकेका मापदण्ड पूरा गरेका प्रस्तावित मेडिकल कलेजलाई रोकतोक गर्नु वाञ्छनीय हुँदैन। यही सरकार (अविच्छिन्न उत्तराधिकारवाला) ले आशय-पत्र दिएका मेडिकल कलेजलाई अन्तिममा आएर सम्बन्धन दिन्नँ भन्ने कुराले कानुनी राज्यको उपहास हुन जान्छ। मापदण्ड पूरा भएकाहरूलाईसमेत सम्बन्धन दिन्नँ भन्न कानुनले दिँदैन।

डाक्टर गोविन्द केसीका माग र उनको अभियानको निष्कर्ष अनशनको निरन्तरता र अनेक खालका बेप्रसङ्गका मागहरूको श्रृङ्खला हो भन्न सकिन्छ। डाक्टर केसीले आफ्ना माग राख्दा विगतमा नेपालको स्वास्थ्य शिक्षालाई व्यवस्थित गर्न गठित जयराम गिरी, गौरीबहादुर कार्की र केदारभक्त माथेमाको नेतृत्वमा बनेका आयोगहरूको सिफारिसलाई स-सम्मान उल्लेख गर्नुभएको छ। त्यतातर्फ ध्यान दिएर यो विवादको निपटारा गर्नुपर्छ भन्ने आशयका साथ यो अध्ययन प्रतिवेदन सार्वजनिक गरेका हौँ।

"नेपालमा चिकित्सा शिक्षा, सरोकार र सान्दर्भिकता सङ्क्षिप्त अध्ययन" का लागि आवश्यक सामग्री सङ्कलन तथा लेखनका लागि प्रलेख तथा प्रसार कार्यक्रमका प्रमुख मदन पौडेल र रमेशप्रसाद तिमल्सिना तथा साज सज्जाका लागि गीता माली धन्यवादको हकदार हुनुहुन्छ। पुस्तिकाबारे प्रबुद्ध पाठकबाट सुझाव र सल्लाह प्राप्त हुने अपेक्षा गरेको छु।

सुबोधराज प्याकुरेल
अध्यक्ष

# विषयसूची

१. डाक्टर केसीको अनशन, विवादित अभिव्यक्ति र यक्ष प्रश्नहरू ६
२. डाक्टर केसीको अनशन, माग र मागको सङ्गति ८
३. चिकित्सा शिक्षा अध्यादेश र विधेयकमा समेटिएका मूलभूत विषय २०
४. स्वास्थ्य क्षेत्र सुधारका लागि गठन गरिएका केही समिति र प्रतिवेदनको मूल विषय २३
५. डाक्टर केसीका १५ पटकसम्मका अनशनका माग, सहमति र विरोधाभास ३२
६. मेडिकल शिक्षसँग सम्बन्धित विद्यमान ऐनहरूको सूची ६२
७. विश्वविद्यालय र मेडिकल कलेजहरू ६६
८. सन्दर्भसूची ६९

## डाक्टर केसीको अनशन, विवादित अभिव्यक्ति र यक्ष प्रश्नहरू

चिकित्सा शिक्षा सुधारको माग गर्दै १५ पटकसम्म अनशन बसेका डक्टर गोविन्द केसीको अभियानका क्रममा उनी पक्षीय वा उनको समर्थनमा नरहेका व्यक्तिहरूका अभिव्यक्ति विवादका घेरामा परेका छन्। त्यसैगरी उनको अनशनले केही प्रश्नहरू उब्जाएको छ। डा. केसीले उठाएका मागहरू जस्ताको तस्तै पूरा गरिनु पर्ने उनका समर्थकहरुको जोडबल र जस्ताको तस्तै पूरा गर्न नसकिने सरकारी धारणाबीच अनशनका सृङ्खलाहरू १५ पटकसम्म लम्बिएका हुन्।

**विवादित अभिव्यक्तिहरू**

- https://www.youtube.com/watch?v=hprDYYc75q8
  (डक्टर गोविन्द केसीद्वारा प्रधानमन्त्री केपी शर्मा ओलीलाई गुण्डाको संज्ञा)
- https://www.youtube.com/watch?v=9rsA-v_jXE4
  (डक्टर गोविन्द केसीद्वारा प्रधानमन्त्री केपी शर्मा ओलीलाई गाली गलौज र कम्युनिष्ट व्यवस्थासमेतको तीव्र विरोध)
- https://www.youtube.com/watch?v=KnLLvRiB5ec
  (पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीद्वारा केसीका माग पूरा नगरे आगो बालिदिने अभिव्यक्ति)
- http://bigmovie.club/dr-govinda-kc_HTFASUyMjWp4.html
  (डक्टर गोविन्द केसीद्वारा प्रधानमन्त्री केपी शर्मा ओलीलाई माफियाको संज्ञा)
- https://www.youtube.com/watch?v=H8GvOZA3ohU
  (बङ्गलादेश गएका विद्यार्थीको आत्मसम्मानमा आँच आउने गरी दुर्गा प्रसाई, गगन थापा र कानुनमन्त्री शेरबहादुर तामाङको विवादास्पद अभिव्यक्ति)
- https://www.youtube.com/watch?v=opjJOHYJkZQ
  (अधिवक्ता ओमप्रकाश अर्यालको विवादस्पद अभिव्यक्ति)

**यक्ष प्रश्नहरू**

१) अबको दश वर्षसम्म कुनै पनि संस्थालाई ललितपुर, भक्तपुर र काठमाडौंमा मेडिकल कलेज स्थापनार्थ आशय पत्र प्रदान नगर्ने भनेको २०७२ असार पछि हो वा जुन दिन कानुन बन्छ त्यस बेलादेखि लागु हुने हो ?

२) एउटा विश्वविद्यालयले पाँच वटाभन्दा बढी कलेजलाई सम्बन्धन दिन नपाइने तर यसअघि दिएकाको हकमा यो कुरा लागु नहुने भनिएकोमा मेडिकल सञ्चालनको सिण्डिकेट कायम हुन्छ कि हुँदैन ?

३) कतै एउटा विश्वविद्यालयले पाँच वटालाई भन्दा सम्बन्धन नदिने भनिएको छ कतै एउटा जिल्लामा एउटा मात्र मेडिकल कलेज हुने भनिएको छ। यस्ता बन्धनले पनि अन्यौल सिर्जना गरेको छ। पाँचभन्दा बढी जिल्ला भएका प्रदेशमा मेडिकल कलेज कसरी विस्तारित हुने भन्ने प्रश्न छ। (सबैभन्दा कम जिल्ला भएको प्रदेश २ मा नै आठ जिल्ला छन्।) जब कि त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्व विद्यालयबाहेकले अहिलेसम्म मेडिकल कलेजलाई सम्बन्धन दिएका छैनन्। विश्वविद्यालयले आफू रहेको प्रदेशमा मात्र सम्बन्धन दिन पाउने भनिएकोले ज्ञानलाई भूगोलमा संकुचन हुन जान्छ। साथै कुनै प्रदेशमा बाक्लो आवादीका ठाउँ धेरै छन् तर कुनैमा जनसङ्ख्या कम छ। यस्ता विषयको सम्बोधन जरुरी देखिन्छ। यो विषय आफैँमा विरोधाभास हुँदैन र ?

४) विश्वविद्यालयले मेडिकल कलेजलाई सम्बन्धन भौतिक पूर्वाधार, जनशक्ति जस्ता विषयलाई आधार मान्छ। जबकि यस अघि आशय पत्र पाएका र पूर्वाधार पुगेका मेडिकल कलेजलाई सम्बन्धन नदिन आवाज उठाइएको छ। यो विषयलाई कसरी सम्बोधन गर्ने ?

५) १३ वटा विश्वविद्यालयमध्ये ७ वटाले मात्र मेडिकल कलेजलाई सम्बन्धन दिन पाउने व्यवस्था छ। त्यसमा पनि त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्य(ालयले पाँच वटाभन्दा बढीलाई सम्बन्धन दिइसकेको अवस्था छ। अन्यको क्षमता छैन भनिन्छ। यसले माग र आपूर्तिको सन्तुलन बिगार्ने पो हो की ?

६) माथेमा प्रतिवेदनमा हेर्दा अहिले सञ्चालनमा रहेका सीमित सङ्ख्याका मेडिकल कलेजको एकाधिकार धेरै वर्षपछिसम्म रहिरहने स्पष्ट देखिन्छ। त्यस्तो हुँदैन भन्ने आधार के छ ?

## डाक्टर केसीको अनशन, माग र मागको सङ्गति

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| पहिलो | वरिष्ठताका आधारमा आइओएमको डीन नियुक्ति गरिनुपर्ने। | स्वास्थ्य | पूरा |
| दोस्रो | वरिष्ठताका आधारमा आइओएमको डीन नियुक्ति गरिनुपर्ने। | स्वास्थ्य | **पूरा** |
| तेस्रो | १. राजनीतिक भागवण्डामा नियुक्त भएका डीन डा. शशि शर्मालाई बर्खास्त गरी वरिष्ठताका आधारमा डिन नियुक्ति।<br>२. आइओएमलाई छुट्टै विश्वविद्यालयका रुपमा स्थापना।<br>३. नयाँ मेडिकल कलेजको सम्बन्धन बन्द गर्ने।<br>४. राष्ट्रिय चिकत्सा शिक्षा नीति तय गर्ने। सम्बन्धनबारे राष्ट्रिय नीति बनाएर त्यसैअनुसार निर्णय गर्ने। | स्वास्थ्य | पूरा |
| चौथो | १. आइओएमका भ्रष्ट पूर्व पदाधिकारीलाई तत्काल कारबाही गर्न'पर्ने।<br>२. संसदीय समितिले दिएको मेडिकल कलेजलाई सम्बन्धन दिनेसम्बन्धी निर्देशन तुरुन्त फिर्ता या बदर गर्न'पर्ने।<br>जयराम गिरीको अध्यक्षतामा गठित चिकित्सा शिक्षा मापदण्ड समितिले गरेका सिफारिस तत्काल कार्यान्वयन गर्न'पर्ने।<br>३. विगतका सहमति तथा मन्त्रिपरिषद्को निर्णय विपरित काठमाडौं विश्वविद्यालय (केयू) ले हालै दुई मेडिकल कलेजलाई दिएको सम्वन्धन रोकी केयूका जिम्मेवार पदाधिकारीलाई कारबाही गर्न'पर्ने।<br>४. आइओएम, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) लगायतका महत्वपूर्ण संस्थामा पदाधिकारी नियुक्त गर्दा भागवण्डामा नभई वरिष्ठताका आधारमा गर्न'पर्ने।<br>५. ग्रामीण क्षेत्रमा मेडिकल कलेज स्थापनाको प्रक्रिया तत्काल सुरु गर्न'पर्ने। | **स्वास्थ्य** | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| पाँचौं | १. चिकित्सा शिक्षा नीति र चिकित्सा विश्वविद्यालय निर्माण नभएसम्म नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिनु हुँदैन।<br>२. विगतदेखि सम्बन्धन लगायतका प्रकरणमा अनियमितता र भ्रष्ट गतिविधिमा संलग्न त्रिवि पदाधिकारीलाई पदच्यूत गरेर कारबाही गर्न'पर्छ।<br>३. चिकित्सा विश्वविद्यालय सम्भाव्यता अध्ययन समिति र चिकित्सा शिक्षा राष्ट्रिय मापदण्ड निर्धारण समितिले बुझाएको प्रतिवेदन तत्काल कार्यान्वन हुनुपर्छ।<br>४. राष्ट्रिय चिकित्सा तथा स्वास्थ्य शिक्षा नीति निर्माणका लागि बनेको कार्यसमितिले रिपोर्ट बुझाउनासाथ यसलाई तत्काल कार्यान्वयन गर्न'पर्छ।<br>५. सरकारसँग विगतमा भएका सहमति र मन्त्रिपरिषद्को निर्णय विपरीत काठमाडौं विश्वविद्यालयले दिएका दुईवटा मेडिकल कलेजको सम्वन्धन तत्काल रोकिनुका साथै यो प्रकरणमा संलग्न केयू पदाधिकारीलाई कारबाही गरिनुपर्छ। आफ्नो अख्तियार दुरुपयोग गर्दै सम्वन्धनका लागि अवाञ्छित दबाब दिएको आरोप लागेकाले यसको छानबिनसँगै दबाब दिइएको पाइए अख्तियारका प्रमुख आयुक्तमाथि कानुनी कारबाही गरिनुका साथै पटक(पटक राज्यले गरेको सम्झौता उल्लंघन गर्ने शिक्षा मन्त्रीमाथि पनि उचित कारबाही गरियोस्।<br>६. अनुगमनपछि सन्तोषजनक नपाइएको मेडिकल कलेजको सिट घटाइनुको सट्टा बढाउने गरिएकोमा यो प्रकरणमा संलग्न मेडिकल काउन्सिल, त्रिवि र केयूका पदाधिकारीहरूलाई छानबिन गरी गुणस्तरमा सम्झौता गरेको पाइए कारबाही हुनुपर्छ।<br>७. काउन्सिल र विश्वविद्यालयले लिने प्राविधिक निर्णयमा अदालतले बारम्बार अवाञ्छित हस्तक्षेप गर्दै गुणस्तर नपुगेका कलेजको सिट घटाउन नमिल्ने, प्रवेश परीक्षामा नबसेका, फेल भएका विद्यार्थीलाई पढाउन पाउने फैसला गरेर दण्डहीनताको अवस्था सिर्जना गरेकाले त्यस्ता फैसलाबारे कानुनबमोजिम छानबिन गरेर कारबाही गरियोस्। | स्वास्थ्य | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | ८. त्रिवि, आइओएम, न्याम्सलगायत नेतृत्वदायी र नियामक संस्थामा दलीय बफादारीले नभएर वरिष्ठता र कार्यक्षमताका आधारमा नियुक्ति गरियोस्। दलीय बफादारीमा नियुक्त भएका नेपाल मेडिकल काउन्सिलका अध्यक्ष लगायत पदाधिकारीलाई तुरुन्त बर्खास्त गरियोस्।<br>९. आमव्यक्तिमाभ्क सर्वसुलभ स्वास्थ्य सेवा पुर्‍याउने जिम्मा राज्यको भएकाले यसका लागि दीर्घकालीन नीति लिएर कार्यान्वनय सूरु गरियोस्। त्यस प्रयोजनका लागि चिकित्सा, नर्सिङ र पारामेडिकल कोर्समा विद्यार्थीलाई नि:शूल्क वा न्यूनतम शूल्कमा पढाउने व्यवस्थासँगै चिकित्साका स्नातकोत्तर र सोभन्दा माथि तहलाई तत्काल पूर्ण नि:शूल्क गरियोस्।<br>१०. ग्रामीण क्षेत्रमा सरकारी पहलमा मेडिकल कलेज खोल्ने सम्झौता भएकोमा यसलाई तुरुन्त कार्यान्वयन गरियोस्। | | |
| छैठौं | १. माथेमा प्रतिवेदन सार्वजनिक गरेर मन्त्रीमण्डलबाट त्यसलाई कार्यान्वयन गर्ने निर्णय लिएर आवश्यक नीति र कानुन निर्माणका प्रक्रिया तत्काल थालियोस्। साथै विद्यार्थी संख्या र शुल्कजस्ता तत्काल कार्यान्वयन गर्न सकिने बुँदाहरु आउँदो शैक्षिक सत्रदेखि लागू गर्ने व्यवस्था गर्न मेडिकल काउन्सिल र विश्वविद्यालयहरुलाई तुरुन्त पत्राचार गरियोस्।<br>२. विगतमा भएका अन्य सहमतिका बुँदाहरु तत्काल कार्यान्वयन गरियोस्<br>- चिकित्सा विश्वविद्यालय विधेयक तत्काल संसदमा पेश गरियोस्।<br>- काठमाडौं विश्वविद्यालयले अनियमिततापूर्वक दिएको सम्वन्धन स्थगन गर्दै विद्यार्थीहरुको उचित व्यवस्थापन गरियोस्। | स्वास्थ्य | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | - चिकित्साको स्नातकोत्तर नि:शुल्क गर्न बनाइएको कार्यविधिले उल्टै नेपालीका लागि स्नातकोत्तर सिट घटाएकाले अविलम्ब उक्त कार्यविधि खारेज गरेर यस वर्ष गत वर्षकै सिट विभाजन अनुसार स्नातकोत्तर नि:शुल्क बनाई अर्को वर्षदेखि माथेमा समितिले सुझाए बमोजिम गर्ने व्यवस्था गरियोस्। | | |
| | ३. स्वास्थ्य र शिक्षा क्षेत्रका महत्वपूर्ण पदाधिकारीहरु राजनीतिक भागवण्डाबाट नभई विशिष्टता र वस्तुनिष्ट आधारमा नियुक्त गर्ने राजनैतकि प्रतिबद्धता गर्ने तथा त्यसका लागि चार महिनाभित्र कानुनी व्यवस्था गर्ने सहमति भएकोमा उक्त सहमतिविपरीत नेपाल मेडिकल काउन्सिल, नेपाल हेल्थ रिसर्च काउन्सिल र संस्कृत विश्वविद्यालय अन्तर्गतको आयुर्वेद अध्ययन संस्थानमा पदाधिकारीहरु नियुक्त गरिएकाले तुरुन्त राजनीतिक भागवण्डाबाट बनाइएका पदाधिकारीलाई फिर्ता गरी वरिष्ठता र कार्य दक्षताका आधारमा नयाँ पदाधिकारी नियुक्त गरियोस्। साथै, उक्त प्रयोजनका लागि तुरुन्त कानुनी व्यवस्था गरियोस्।<br>४. झन्डै एक वर्षदेखि पठनपाठन पूर्ण अवरुद्ध भएको जानकी मेडिकल कलेजका विद्यार्थीलाई अविलम्ब व्यवस्थापन गरी उक्त मेडिकल कलेजका सञ्चालकहरुलाई कानुनबमोजिम कारबाही गरियोस्।<br>५. त्रिविमा नयाँ पदाधिकारी नियुक्त गर्दा दलीय भागवण्डा नभई वरिष्ठता र कार्य दक्षताका आधारमा नियुक्त गरियोस्। विगतमा सम्वन्धन लगायतका विषयमा अनियमितता र भ्रष्टाचारमा मुछिएका त्रिवि पदाधिकारी र आइओएमका पूर्व पदाधिकारीलाई तत्काल छानविन र कारबाही गरियोस्। | | |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| आठौँ | १. चिकित्सा शिक्षा ऐनको मस्यौदामा निम्न बुँदा लगायतका सुधार गरेर संसदको यही अधिवेशनबाट तुरुन्त सो ऐन पारित गरियोस्<br>- सबै सरकारी मेडिकल शिक्षण संस्थाहरूको आर्थिक भार सरकारले बेहोर्दै तिनमा सबै सिट निःशुल्क गरियोस्।<br>- सबै प्रदेशमा कम्तिमा एउटा सरकारी मेडिकल कलेज पुऱ्याइयोस्।<br>- काठमाडौं उपत्यकामा आउँदो १० वर्षसम्म मेडिकल, डेन्टल र नर्सिङमा नयाँ सम्बन्धन नदिने र मनसायपत्र पाएकाहरूको मनसायपत्र नवीकरण नगरियोस्।<br>- अधिकतम शुल्क र सिट यो वर्ष शिक्षा मन्त्रालय, विश्वविद्यालयहरू र मेडिकल काउन्सिलले निर्धारण गरेझैं हुने व्यवस्था गरियोस्। | स्वास्थ्य र राजनीति | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। (माग नम्बर २ का सम्बन्धमा सहमतिमा नै संसदको कार्यषेत्रसमेत उल्लेख गरिएको छ।) |
| | - आगामी शैक्षिक सत्रदेखि केन्द्रीय प्रवेश परीक्षा लिने व्यवस्था र त्यसका लागि आयोगले हाल प्रवेश परीक्षा लिइरहेका निकायहरूसित समन्वय गरोस्।<br>२. आफ्नो र आफन्तको निहित व्यापारिक स्वार्थका लागि मेरिटको भर्ना र निश्चित शुल्कमा भर्ना लगायत समग्र सुधारको प्रक्रिया अवरुद्ध पारेका, भ्रष्टहरूलाई संरक्षण दिएका र अरू जिम्मेवार पदाधिकारीलाई ब्ल्याकमेलिङ गरेर राजीनामा समेत गर्न बाध्य पारेका तथा कार्यक्षेत्र नाघेर काठमाडौं विश्वविद्यालयको प्रवेश परीक्षामा हस्तक्षेप गर्न लगाएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि तत्काल संसद्ले महाभियोगको प्रक्रिया अघि बढाओस्। र, सम्बन्धित आयुक्तहरूलाई पनि कारबाही गरियोस्।<br>३. माथेमा प्रतिवेदनको सुझाव विपरीत काठमाडौंमा खोल्ने भनेर प्रस्तावित प्रतिष्ठान सम्बन्धी हाल संसद्मा विचाराधीन विधेयक तत्काल फिर्ता गरियोस्। | | |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | ४. विगतमा भएका निम्न लिखित सम्झौता लगायत सबै सम्झौता अविलम्ब कार्यान्वयन गरियो:<br>- त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानमा तत्काल वरिष्ठताका आधारमा डीन नियुक्त गरियोस्।<br>- अबको शैक्षिक सत्रदेखि मेरिटमा आधारित भर्ना, शुल्क र सिट सीमा लगायत बुँदाहरू कडाइका साथ कार्यान्वयन हुने व्यवस्था गरियोस्।<br>- विश्वविद्यालयमा पदाधिकारी नियुक्तिमा राजनीतिक भागवण्डा अन्त्य गर्न शिक्षामन्त्रीको सट्टा दलीय सम्बद्धता नभएका विज्ञको नेतृत्वमा सर्च कमिटी बनाउने कानुनी व्यवस्था गरियोस्।<br>- अनियमितता र भ्रष्टाचारमा मुछिएका आइओएम र त्रिविका पूर्वपदाधिकारीमाथि तत्काल छानबिन र कारबाही गरियोस्। | | |
| नवौँ | १. चिकित्सा शिक्षा ऐन संसदको जारी अधिवेशनबाट पारित गर्न'पर्ने।<br>२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्की र आयुक्त राजनारायण सिंहलाई महाअभियोग लगाउनुपर्ने।<br>३. चिकित्सा शिक्षाको शुल्क माथेमा कार्यदलले सुझाए अनुसार लिनुपर्ने र त्यसपछि शुल्क समायोजनका लागि बनाइएको समिति खारेज गर्न'पर्ने।<br>४. चिकित्सा शिक्षा अध्ययन संस्थान (आइओएम) मा वरिष्ठताका आधारमा डीन नियुक्त गर्न'पर्ने, विचाराधीन विधेयक संसद्बाट फिर्ता लिनुपर्ने र आइओएमका भ्रष्टाचारीमाथि छानबिन र कारबाही गर्न'पर्ने, चिकित्सा शिक्षामा सुधार गर्न'पर्ने। | स्वास्थ्य र राजनीति | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| दशौं | १. वरिष्ठताका आधारमा तत्काल आइओएममा डीन नियुक्त गरियोस्, साथै नियुक्तिमा चलखेल गर्ने त्रिवि उपकुलपति तीर्थ खनियाँलाई बर्खास्त गरियोस्।<br>२. एमबिबिएस र बिडिएस कार्यक्रमको शुल्क अघिल्लो साल कार्यान्वयनमा आएझैं (एमबिबिएस: उपत्यकाभित्र ३५ लाख, उपत्यकाबाहिर ३८ दशमलब ५ लाख, बिडिएस: २० लाख) यो वर्ष पनि कायम गर्न तत्काल विश्वविद्यालय हरुलाई निर्देशन दिइयोस्।<br>३. आइओएमलाई पूर्ण स्वायत्तता संस्था बनाइयोस्। त्यसो नहुन्जेल पहिलेको सहमतिबमोजिम अधिकतम आर्थिक, प्रशासनिक र शैक्षिक स्वायत्ततालाई पूर्ण कार्यान्वयनमा ल्याइयोस्।<br>४. चिकित्सा शिक्षा ऐन नआउँदै विस्तारित कार्यक्रम वा अन्य कुनै बहानामा नयाँ मेडिकल कलेजलाई सम्बन्धन नदिइयोस्।<br>५. संसदबाट चिकित्सा शिक्षा ऐन पारित गर्दा हामीले सुझाएका संशोधनहरु समेटेर तथा माथेमा प्रतिवेदन र विगतका सम्झौता अनुकुल हुनेगरी पारित गरियोस्। सरकारी शिक्षण संस्थाहरुमा शतप्रतिशत सिट नि:शुल्क (दुर्गममा र सरकारी विद्यालयहरुमा अध्ययन गरेका विद्यार्थीहरु र समाजमा अपेक्षित वर्गका लागि केही सिट सुरक्षीत हुनेगरी) गरियोस्।<br>६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि महाभियोग प्रक्रिया निस्कर्षमा पुर्याएर उनलाई जवाफदेही बनाइयोस् तथा मेडिकल शिक्षामा अझै बढी अनियमिततामा संलग्न आयुक्त राजनारायण पाठक( माथि समेत तत्काल छानविन अघि बढाइयोस्। | स्वास्थ्य र राजनीति | दशौं अनशनमा आठ बुँदे माग राख्दै केसीले अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमान सिंह कार्कीमाथिको महाभियोग निष्कर्षमा पुऱ्याउनुपर्ने र विगतमा भएका सम्झौता कार्यान्वयन गर्न माग गरे। नौ बुँदे सम्झौता भएसँगै डा. केसीले अनशन तोडे। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | ७. जयराम गिरी समितिले दोषी ठह¥याएका आइओएमका पूर्व पदाधिकारीलाई तत्काल कारबाही गरियोस्। मेडिकल शिक्षामा भएका अनियमिततामाथि छानविन गर्न न्यायिक जाँचबुझ आयोग पुन:गठन गरेर त्यसको कार्यक्षेत्रमा विभिन्न विश्वविद्यालय र प्रतिष्ठानमा परीक्षाका क्रममा भएका धाँधली एवम् अनियमितता, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरुले गरेका अनियमितता समेत समावेश गरियोस्।<br>८. विश्वविद्यालयका पदाधिकारी नियुक्त गर्नका लागि बन्ने सर्च कमिटी शिक्षा मन्त्रीको नभई स्वतन्त्र विज्ञको नेतृत्वमा हुने कानुनी व्यवस्था गर्ने विगतको सम्झौता तत्काल कार्यान्वयन गरियोस्।<br>९. प्रत्येक प्रदेशमा कम्तीमा एक सरकारी मेडिकल कलेज खोल्ने सम्झौता तुरुन्त कार्यान्वयन गरियोस्। | | |
| एघारौँ | □त्रिवि शिक्षण अस्पतालको शैक्षिक कार्यक्रम र सेवा प्रवाहका सम्पूर्ण आर्थिक भार राज्यले व्यहोर्न'पर्ने।<br>□नर्स, आवासीय चिकित्सक, विद्यार्थीहरू तथा चिकित्सकका लागि नयाँ आवास तथा छात्रावासको व्यवस्था गर्न'पर्ने।<br>□अस्पतालको औषधि पसल विस्तार र सही व्यवस्थापन गरेर अस्पतालमा आएका सबै बिरामीलाई सस्तो र गुणस्तरीय औषधि उपलब्ध गराउनुपर्ने।<br>□संविधानमा लेखिएबमोजिम सबैखालका इमर्जेन्सी सेवा पूर्ण रूपमा नि:शुल्क गर्न'पर्ने।<br>□शौचालयहरू थप्ने, सरसफाइका लागि आवश्यक सामग्रीको व्यवस्था गर्न□पर्ने।<br>□चिकित्सा शिक्षा विधेयक जस्ताको त्यस्तै संसद्बाट चाँडो पास गराउनुपर्ने।<br>□चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) लाई त्रिभुवन विश्वविद्यालयबाट स्वायतत्ता गराउनुपर्ने। | स्वास्थ्य | बाढी पहिरोका कारण सिर्जित असहज परिस्थितिको कारण देखाउँदै सहमति नभइ अनशन स्थगित |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| बाह्रौं | १. व्यवस्थापिका-संसद्बाट बहुचर्चित एवं बहुप्रतिक्षित राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७४ लाई संशोधनसहित पारित गर्नु पर्ने।<br>२. माथेमा प्रतिवेदन र आफ्ना सुझावलाई समेत समावेश गरी चिकित्सा शिक्षा ऐन पारित गर्न'पर्ने,<br>३. सरकारले निर्धारण गरेअनुसार नै काठमाडौं विश्वविद्यालयले एमबिबिएसको शुल्क लिनुपर्ने, त्रिविवि पदाधिकारीलाई पदबाट बर्खास्त गर्न'पर्ने।<br>४. बर्खास्त गरिएका नेपाल आयल निगमका कार्यकारी प्रमुखमाथि छानबिन गरी हिनामिना गरिएको भए सो रकम उसुलउपर गर्न'पर्ने,<br>५. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पठनपाठन तत्काल शुरु हुनुपर्ने,<br>६. देशका विभिन्न भागमा मेडिकल कलेज स्थापना गर्ने कार्य अगाडि बढाउनुपर्ने र<br>७. नेपाल चिकित्सक संघले उठान गरेका माग पूरा गर्न'पर्ने रहेका छन्। | स्वास्थ्य र राजनीति | दशैंको समय भएकाले अनशन स्थगित |
| तेह्रौं | १) माथेमा प्रतिवेदन तथा हाम्रा सुझावअनुरुप परिमार्जन गरेर तत्काल चिकित्सा शिक्षा ऐन पारित गरियोस्। २) मेडिकल माफियासितको मिलेमतोमा एमबीबीएसका लागि सरकारले तोकेको भन्दा दशौं लाख बढी शुल्क अवैध रुपमा निर्धारण गर्ने काठमाडौं विश्वविद्यालयको निर्णय तत्काल खारेज गरी सरकारले तोकबमोजिम एमबीबीएसका लागि रु ३८,५०,००० (काठमाडौं उपत्यकाभित्र), रु ४२,४५,०००(उपत्यकाबाहिर) तथा बीडीएसका लागि रु १९,३२,६१२ कायम गरियोस्। | स्वास्थ्य र राजनीति | केसीको माग अनुसार नेपाल सरकारद्वारा २०७४ कार्तिक २४ गते राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश जारी। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | माफियासित मिलेमतो गरेर अरबौंको चलखेल गर्ने डिन राजेन्द्र कोजुलाई तत्काल बर्खास्त गरियोस्। त्रिविअन्तर्गतका निजी मेडिकल कलेजमा स्नातकोत्तरको शुल्क रु २२,५०,००० कायम गरियोस्।<br>अनियमिततापूर्वक धेरै शुल्क तोक्ने तथा खाली भवनलाई एमबीबीएसको सम्बन्धन दिने त्रिवि पदाधिकारीहरुलाई बर्खास्त गरी कारवाही गरियोस्।<br>आइओएमबाट त्रिविले खोसेर लगेका अधिकारहरु तत्काल फिर्ता गरियोस्।<br>३) बर्खास्त गरिएका आयल निगमका प्रमुखमाथि छानविन गरेर उनले हिनामिना गरेको अर्बौं रुपैयाँ असुलउपर गर्दै कारवाही गरियोस्।<br>सोही भ्रष्टाचार काण्डमा उनीसित मिलेर भ्रष्टाचार गर्ने सबै तहका व्यक्तिहरु तथा भ्रष्टाचार गरेको पुष्टि भएर पनि कारवाहीमा नपरेका अन्य सार्वजनिक संस्थान, परिषद् र संस्थाका पदाधिकारीहरुमाथि समेत तत्काल पदच्युत गरेर छानविन तथा कारवाही गरियोस्।<br>४) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल अध्ययन-अध्यापन शुरु गर्ने गरी बजेट तथा अन्य व्यवस्था गरियोस्।<br>५. कैलाली र दाङका सरकारी मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। डोटी-डडेल्धुरा, धनुषा-महोत्तरी, उदयपुर, पाँचथर-तेह्रथुम आदि ठाउँमा तत्काल सरकारी मेडिकल कलेज खोल्ने प्रक्रिया अघि बढाइयोस्। | | |
| चौधौं | पदीय मर्यादाविपरीत न्यायालयमा भ्रष्टाचार संस्थागत गर्ने तथा न्यायलाई बिक्रीको विषय बनाउने भ्रष्ट प्रधान न्यायधीश गोपाल पराजुलीद्वारा पदबाट तत्काल राजीनामा गरियोस्। तत्पश्चात उनका भ्रष्ट क्रियाकलापहरुमाथि छानविन र कारवाही गरियोस्। | **राजनीति र स्वास्थ्य** | सहमति भयो। कार्यान्वयन आंशिक मात्रै भयो। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | ☐ चिकित्सा शिक्षा आयोग तत्काल गठन गरियोस्।<br>☐ आइओएमका डिनमा विधिवत रुपमा वरिष्ठताका आधारमा नियुक्त भएका व्यक्तिलाई कायम गरियोस्। माफिया डिनको पुनर्वहाली तुरुन्त खारेज गरियोस्। मेडिकल माफियासितको मिलेमतोमा अवैध रुपमा खाली भवनलाई सम्बन्धन दिने, आइओएमको अधिकार नाजायज रुपमा खोसेर दुरुपयोग गर्ने तथा दलीय भागवण्डाबाट नियुक्त भएका त्रिवि पदाधिकारीहरुलाई बर्खास्त गरियोस्।<br>☐ त्रिवि शिक्षण अस्पताल सुधार सम्बन्धी हामीले राखेका मागहरु पूरा गरियोस्। | | |
| पन्ध्रौं | १. चिकित्सा शिक्षा अध्यादेश प्रतिस्थापन विधेयक तत्काल संसद्मा पेस गरेर स्नातकोत्तर तहपछि सेवा अवधिबाहेक बाँकी बुँदाहरूमा कुनै परिवर्तन नगरी यथार्थ रूपमा पारित गरियोस्। तत्पश्चात् अविलम्ब चिकित्सा शिक्षा आयोगलाई कार्यकारी उपाध्यक्षसहित पूर्णता दिएर मात्र साझा प्रवेश परीक्षा सञ्चालनलग( ायतका काम सुचारु गरियोस्।<br>२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अविलम्ब एमबिबिएसलगायत स्नातक तहका विद्यार्थी भर्ना गर्ने गरी पूर्वाधार र जनशक्ति कायम गरियोस्। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र गेटा मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। पाँचथर इलाम, डडेलधुरा, डोटी र उदयपुरमा सरकारी मेडिकल स्थापना गरियोस्।<br>३. माइतीघर मण्डला क्षेत्रमा प्रदर्शन निषेध गर्ने निर्णय तत्काल सदाका लागि फिर्ता गरियोस्। | राजनीति र स्वास्थ्य | सहमति भयो। कार्यान्वयन भइरहेको जनाइएको छ। |

| अनशन | माग | मागका सङ्गति | पूरा भएका माग |
|---|---|---|---|
| | ४. चिकित्सा शिक्षासम्बन्धी न्यायिक जाँचबुझ आयोगले दोषी ठहर्याएका पदाधिकारीलाई आयोगको सिफारिसबमोजिम कारबाही गरियोस्। त्रिविले खोसेका अधिकारहरू आइओएममा फिर्ता गर्दै आइओएमलाई थप स्वायत्तता दिइयोस्।<br>५. विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा बनेको पदाधिकारी मापदण्ड निर्धारण समितिको प्रतिवेदन कार्यान्वयन गरियोस्।<br>६. कथित छात्रवृत्ति व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५ खारेज गरी चिकित्सा शिक्षा ऐनमा स्नातकोत्तर तहको छात्रवृत्तिपछि २ वर्ष अनिवार्य सेवाको व्यवस्था गरियोस्। आमागी शैक्षिक सत्रदेखि सबै संस्थामा समेत चिकित्साको स्नातकोत्तर तह नि:शुल्क गरियोस्।<br>७. पठनपाठन ठप्प भइसकेको जानकी मेडिकल कलेजका विद्यार्थीलाई उचित व्यवस्थापन गर्दै विद्यार्थीलाई अलपत्र पार्नमा जिम्मेवार व्यक्तिहरूलाई तत्काल कारबाही गरियोस्। तथा प्रदेश २ मा सरकारी मेडिकल कलेज खोल्ने काम तत्काल सुरु गरियोस्। | | |

# चिकित्सा शिक्षा अध्यादेश र विधेयकमा समेटिएका मूलभूत विषय

| दफा | राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश–२०७४ | दफा | राष्ट्रिय चिकित्सा विधेयक–२०७५ |
|---|---|---|---|
| १२. | आशयपत्र प्रदान नगरिने: दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशय पत्र प्रदान गरिने छैन :-<br>(क) यो अध्यादेश प्रारम्भ भएको मितिले **दस वर्षसम्म काठमाडौं, ललितपुर र भक्तपुर** जिल्लामा मेडिकल, डेन्टल र नर्सिङ विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्न,<br>(ख) मेडिकल तर्फ कम्तीमा तीन सय तथा डेन्टल र नर्सिङतर्फ एक सय शैयाको अस्पताल पूर्ण रूपमा सञ्चालन नगरेसम्म सम्बन्धित विषयको कुनै कार्यक्रम सञ्चालन गर्न। | १२. | cाशयपत्र प्रदान नगरिने: दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशय पत्र प्रदान गरिने छैन :-<br>क) विद्यार्थीको पढाई र अभ्यासको लागि मेडिकलतर्फ कम्तीमा तीन सय तथा डेन्टल र नर्सिङ्तर्फ एक सय शैयाको अस्पताल उपलब्ध नभएसम्म सम्बन्धित विषयको कुनै कार्यक्रम सञ्चालन गर्न।<br>ख) आयोगले तोकेको अन्य मापदण्ड पूरा नगरेको |
| १३. | सम्बन्धनसम्बन्धी व्यवस्था:<br>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आफ्नो आि क कार्यक्रम नभएका विषयमा कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन। | १३. | सम्बन्धनसम्बन्धी व्यवस्था:<br>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले आफ्नो आि क कार्यक्रम नभएका विषयमा कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन। |

| दफा | राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश-२०७४ | दफा | राष्ट्रिय चिकित्सा विधेयक-२०७५ |
|---|---|---|---|
| | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा सञ्चालन नभएका नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राज्ञिक तथा भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता भएका शिक्षण संस्थालाई सो कार्यक्रम सञ्चालन गर्न आयोगको सिफारिसमा सम्बन्धित विश्वविद्यालयले सम्बन्धन दिन सक्नेछ।<br>(३) विश्वविद्यालयले एक जिल्लामा एक भन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जनसङ्ख्या, उपलब्ध शिक्षण संस्था, भौगोलिक विशिष्टता, स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा सामाजिक न्याय समेतलाई दृष्टिगत गरी आयोगले उपयुक्त ठहऱ्याएको जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन बाधा पर्ने छैन। | | (२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालमा सञ्चालन भएका नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राज्ञिक तथा भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता भएका शिक्षण संस्थालाई सो कार्यक्रम सञ्चालन गर्न आयोगको सिफारिसमा सम्बन्धित विश्वविद्यालयले सम्बन्धन दिन सक्नेछ।<br>(३) विश्वविद्यालयले एक जिल्लामा एक भन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जनसङ्ख्या, उपलब्ध शिक्षण संस्था, भौगोलिक विशिष्टता, स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा सामाजिक न्याय समेतलाई दृष्टिगत गरी आयोगले उपयुक्त ठहऱ्याएको जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन बाधा पर्ने छैन। |

| दफा | राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश-२०७४ | दफा | राष्ट्रिय चिकित्सा विधेयक-२०७५ |
|---|---|---|---|
| | (५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले देहायको अवस्थामा शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन :-<br>(क) स्वास्थ्य मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र आयोगले तोकेको मापदण्ड पूरा नगरेको,<br>(ख) अस्पताल सञ्चालन सम्बन्धमा स्वास्थ्य मन्त्रालयको स्वीकृतिपत्र लिई आफ्नै अस्पताल पूर्णरुपमा सञ्चालन गरेको तीन वर्षको अवधि पूरा नभएको।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक विश्वविद्यालयले पाँच भन्दा बढी शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।<br>(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको हकमा यो अध्यादेश प्रारम्भ भएको दश वर्षसम्म कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन दिइने वा चिकित्सा शिक्षा सम्बन्धी कुनै संस्था वा प्रतिष्ठान स्थापना गरिने छैन। | | (५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले देहायको अवस्थामा शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन :-<br>(क) प्रचलित कानुन बमोजिम लिएको आशयपत्रमा उल्लिखित शर्तहरू पूरा नगरेको<br>(ख) अस्पताल सञ्चालन सम्बन्धमा प्रचलित कानुन बमोजिम स्वीकृति लिई आफ्नै अस्पताल पूर्ण रूपमा सञ्चालन नगरेको<br>(ग) आयोगले तोकेको मापदण्ड पूरा नगरेको<br>(घ) प्रचलित कानुन बमोजिम पूरा गर्नुपर्ने अन्य शर्त तथा आवश्यक मापदण्ड पूरा नगरेको। |

# स्वास्थ्य क्षेत्र सुधारका लागि गठन गरिएका केही समिति र प्रतिवेदनको सार

## जयराम गिरी प्रतिवेदन

तत्कालीन डिन डा. अरुण सायमीलगायत पदाधिकारीलाई एमडीरएमएस प्रवेश परीक्षाको प्रश्नपत्र बेचेको आरोप लागेको थियो। यही घटनालाई लिएर २०६६ फागुन २८ देखि चैत १८ सम्म (प्रधानमन्त्री माधवकुमार नेपालका पालामा) तीन दिन आकस्मिक सेवासहित १९ दिन त्रिवि शिक्षण अस्पताल बन्द भयो। सरकारले यही घटनालाई लिएर (प्रधानमन्त्री माधवकुमार नेपालका पालामा) पूर्व शिक्षासचिव जयराम गिरीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिले एक महिना लामो अध्ययनपछि आइओएमका तत्कालीन पदाधिकारीबाट भएका अनियमितता औँल्याउँदै प्रतिवेदन तयार पारेको थियो। प्रतिवेदनलाई कारबाहीमा लैजान अधिकारसम्पन्न निकाय गठन गर्न वा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जिम्मा दिन सिफारिस गरिएको थियो। डा. केसीको १२ दिने पाँचौं अनशन क्रममा सरकारले गरेको सम्झौताको दोस्रो बुँदामा "जयराम गिरी नेतृत्वको समितिले दिएको प्रतिवेदन कारबाहीका लागि अख्तियार पठाउने" भनिएको छ। यसअघि चौथो अनशन क्रममा पनि सरकारले सोही प्रतिवेदनका आधारमा त्रिवि पदाधिकारीलाई स्पष्टीकरण सोध्ने प्रतिबद्धता जनाएको थियो, तर कार्यान्वयन गरिएको थिएन।

**प्रतिवेदनमा के छ ?**

- त्रिवि सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियममा निजी क्याम्पसलाई सम्बन्धन दिने प्रक्रिया उल्लेख भए पनि मेडिकल कलेजको सम्बन्धनमा ठूलो लापरबाही भएको
- पूर्वाधार पूरा नगरेका कलेजलाई समेत निश्चित अवधिभित्र पूरा गर्ने गरी सम्बन्धन दिइएको
- त्यस्ता कलेजको स्थलगत निरीक्षण नगरी डिन तथा सहायक डिनबाटै मनोगत रूपमा सम्बन्धन दिइएको
- बाह्य परीक्षकका रूपमा परीक्षा सञ्चालन गर्न जाने शिक्षकले आफूलाई पास

गराउन दबाब आएको भनी लिखित उजुरी गर्दासमेत आइओएम पदाधिकारीबाट बेवास्ता गरिएको

- प्रतिवेदनअनुसार केही मेडिकल कलेजले शैक्षिक स्तर नभएका विद्यार्थीलाई आइओएमको प्रमाणपत्र उपलब्ध गराइदिने प्रलोभन दिई भर्ना लिने गरेको। ती कलेजले प्राज्ञिक क्षमता नभए पनि चिकित्सा शिक्षाका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको प्रतिवेदनमा छ।
- एउटै निजी मेडिकल कलेजमा पटक-पटक उही व्यक्ति वा पदाधिकारी निरीक्षणमा जाने गरेको।
- भैरहवास्थित युनिभर्सल मेडिकल कलेज र वीरगन्जको नेसनल मेडिकल कलेजलाई एमडीरएमएस कार्यक्रम सञ्चालन स्वीकृति दिँदा सम्बन्धित विज्ञसँग परामर्श नगरिएको।
- आइओएममै अर्थोपेडिक्सतर्फ एमएस कार्यक्रम चारवर्षे भए पनि नेसनल कलेजलाई बिनाआधार अध्ययन अवधि तीन वर्ष तोकेर अनुमति दिएको पाइएको।
- आइओएमको प्रवेश परीक्षामा उत्तीर्णांक ५० प्रतिशत हुन्छ। शैक्षिक सत्र २०६५/६६ को प्रवेश परीक्षाका लागि मात्र ४० प्रतिशत कायम गरिएको।
- विदेशी विद्यार्थी भर्ना गर्दा सय पूर्णांकको अन्तर्वार्तामा १५ नम्बर विभागीय प्रमुखले र ८५ नम्बर पदाधिकारीले नै दिने व्यवस्था गरिएको थियो।
- आफूले चाहेका विद्यार्थी पास गराउन उत्तीर्णांकसमेत घटाएर अनियमितता गरिएको।
- प्रवेश परीक्षा नतिजा प्रकाशन क्रममा नियतवश भएका लापरबाही गरिएको
- एमडी मेडिसिनतर्फ सिट संख्याभन्दा बढी भर्ना लिइएको
- गैरकानुनी रूपले प्रवेश परीक्षा उत्तीर्ण गराएकोबारे छानबिन गर्न खोज्दा आइओएम डिन कार्यालय एवं त्रिविले कुनै चासो नदेखाएको
- माथिल्लो निकायलाई रिझाउन बिनाकारण महँगा सवारी साधन खरिद गरेको
- कानुनले तोकेको अवस्थाबेगर जथाभाबी कर्मचारी भर्ना गरेको
- राजनीतिक दल तथा जनआन्दोलनका घाइते वा सहिदका छोराछोरीलाई रोजगारी दिने नाममा अनावश्यक कर्मचारी भर्ना गरेको।

## माथेमा प्रतिवेदन

त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमाको नेतृत्वमा २०७१ पुस महिनामा गठन गेरको “चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय नीति तर्ज‘मा

उच्चस्तरीय कार्यदल" को प्रतिवेदनमा कम्तिमा ३ बर्षसम्म कुनै पनि मेडिकल कलेज खोल्न नदिन सुझाव दिइएको छ। एक जिल्लामा एक मेडिकल कलेज खोल्न पाउनु पर्ने, मेडिकल कलेजका लागि कम्तिमा ३ सय बेडको अस्पताल हुनुपर्ने, एमबीबीएस अध्ययनका लागि अधिकतम ३५ लाख रुपैयाँ लाग्ने लगायतका बुँदा उल्लेख छन। प्रतिवेदनमा चिकित्सा क्षेत्रका समस्या समाधानका लागि प्रधानमन्त्री अध्यक्ष रहने गरी चिकित्सा शिक्षा आयोग गठन गर्न प्रस्ताव गरिएको छ। आयोगले स्वास्थ्य जनशक्ति सम्वन्धि शिक्षा क्षेत्रका सबै तह तथा विषयका मापदण्ड र स्तर सम्बन्धी नीति निर्धारण गर्ने छ। चिकित्सा शिक्षा र स्वास्थ्य सेवाको क्षेत्रमा सरकारी लगानी कम भएको भन्दै त्यसलाई बढाउन र गुणस्तर बढाउन कठोर निर्णय लिनुपर्ने अवस्था आएको प्रतिवेदनमा उल्लेख छ।

**माथेमा आयोगको निश्कर्षः** चिकित्सा शिक्षा प्रत्यक्षत: नागरिकको जीवन र स्वास्थ्यसँग गाँसिएको विषय हो। वर्तमान अवस्था हेर्दा अनियमितता, गैरअनुशासन, उत्पादित जनशक्तिको गुणस्तरमा वेवास्ता र नैतिक सिद्धान्तहरूमा सम्झौता गर्ने किसिमको प्रवृत्तिले चिकित्सा शिक्षाको भविष्य राष्ट्रहित अनुकूल र न्यायपूर्ण होला भन्न सकिने अवस्था छैन। तसर्थ, राज्यले यसै अवस्थामा नीतिगत, कानुनगत र कार्यान्वयनगत हस्तक्षेप गरी यसलाई सही दिशातर्फ डोहोऱ्याउन अब ढिला गर्न हुँदैन।

**सुझावहरूः**

- काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा मेडिकल, डेन्टल र नर्सि विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्न अबको दश वर्षसम्म कुनै पनि संस्थालाई Letter या Intent (LOI) प्रदान नगर्ने।
- मेडिकल, डेन्टल तथा नर्सि विषयको स्नातक कार्यक्रम सञ्चालन गर्नका लागि क्रमश: तीन सय र एक सय बेडको अस्पताल पूर्ण रूपमा सञ्चालन गरिनसकेका कुनै पनि संस्थालाई उक्त कार्यक्रम सञ्चालन गर्न आसय पत्र (LoI) प्रदान नगर्ने र पहिले नै आसय पत्र पाइसकेको अवस्था भए त्यस्ता संस्थाहरूको आसय पत्र नवीकरण नगर्ने।
- प्रत्येक विकास क्षेत्र (वा सम्भावित प्रदेश) मा कम्तिमा एक एकवटा सार्वजनिक स्वास्थ्य शिक्षण संस्था (चिकित्सा शास्त्रमा स्नातक तहको कार्यक्रम सहित) सञ्चालन गर्ने। यसरी स्थापना गर्दा हालसम्म नभएका विकास क्षेत्रमा मात्र गर्ने।
- अब आइन्दा मेडिकल वा डेन्टल दुवै गरी एउटा विश्वविद्यालयले पाँचवटा भन्दा

बढी कलेजलाई सम्बन्धन दिन नपाइने तर यस अघि नै दिई सकेको सम्बन्धनको हकमा यो प्रावधान लागू नहुने।

- आफ्नो आंगिक कार्यक्रम नभएको विषयमा विश्वविद्यालय/सिटिइभिटिले चिकित्सा शिक्षा प्रदान गर्ने कुनै पनि संस्थालाई सम्बन्धन दिन नपाइने।
- अस्पताल तीन वर्षसम्म पूर्ण रूपमा सञ्चालनमा आइसकेपछि मात्र मेडिकल, डेन्टल र नर्सिङ कार्यक्रम सञ्चालन गर्नकोलागि सम्बन्धन प्रक्रिया शुरु गर्न पाउने। अस्पताल पूर्ण रूपमा सञ्चालन भएको कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रमाणित गर्नुपर्ने तथा नियामक संस्थाहरूले तोकेका अन्य मापदण्ड पनि पूरा गरेको हुनुपर्ने।
- एउटा जिल्लामा एउटा मात्र मेडिकल, डेन्टल कलेज स्थापना गर्न पाउने। यस भन्दा पहिला स्थापना भइसकेको हकमा यो प्रावधान लागू नहुने।
- स्थापना भईसकेका कलेज तथा स्कूलहरू समायोजन (मर्जर) गर्न स्पष्ट मापदण्ड तय गरी कार्यान्वयनमा ल्याउने।
- विभिन्न बिकास क्षेत्रमा रहेका विश्वविद्यालयहरू (पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल र पछि खोलिने) ले सम्बन्धन दिंदा उक्त क्षेत्रभित्र मात्र कार्यक्रम सञ्चालन गर्ने गरी दिने।
- जयराम गिरी प्रतिवेदनले सिफारिश गरे अनुसारको क्षेत्रमा (नेपाल सरकारले तय गरेका नयाँ शहरबारेको गुरुयोजनाअनुरुप) नयाँ स्वास्थ्य शिक्षण संस्थाहरू खोल्न प्रोत्साहन सुविधा (जग्गा लिज, कर छुट, आदि) उपलब्ध गराउने।

## गौरीबहादुर कार्की आयोग प्रतिवेदन

मेडिकल कलेजको सम्बन्धन, प्रवेश परीक्षा, भर्ना तथा शुल्क निर्धारणमा अनियमितता भएकोमा छानबिन गर्न सरकारले ०७४ वैशाखमा चिकित्सा शिक्षा जाँचबुझ आयोग गठन गर्‍यो। विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा डाक्टर उपेन्द्र देवकोटा सदस्य र शिक्षा मन्त्रालयका सहसचिव सूर्यप्रसाद गौतम सदस्यसचिव रहेको तीन सदस्यीय समितिले आठ महिना लगाएर ०७४ माघ २१ मा प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिवेदन बुझायो। आयोगले नेपालमा सञ्चालित र खुल्ने तयारीमा रहेका मेडिकल कलेजका अनियमितताबारे प्रष्टसँग प्रतिवेदनमा उल्लेख गरेको छ भने कानूनविपरीत सम्बन्धन दिने विश्वविद्यालय, मेडिकल काउन्सिल

र आइओएमका पदाधिकारीलाई कारबाही गर्न पनि सिफारिस गरेको छ। आयोगले चिकित्सा शिक्षामा अनियमिता हुनुमा ४२ जना दोषी रहेको देखाएको छ।

**आयोगले कारबाही सिफारिस गरेकाहरूः**

**डाक्टर प्रकाशराज न्यौपाने, प्रमुख भक्तपुर क्यान्सर अस्पताल**

**आरोपः** छात्रवृत्तिसम्बन्धी कार्यविधि विपरीत आफूकहाँ वा कतै पनि काम नगरेकी डाक्टरलाई "स्पोन्सर" सिफारिश गरेको। योग्य उम्मेद्वारलाई पढ्नबाट बञ्चित गरेको।

**कारबाहीः** सरकारी र अर्ध सरकारी पदमा नियुक्ति गर्न प्रतिबन्ध लगाउनु पर्ने।

**डाक्टर सीबी पुन (चीनबहादुर पुन) कार्यकारी निर्देशक वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवन**

**आरोपः** छात्रवृत्तिसम्बन्धी कार्यविधि विपरीत "स्पोन्सर" सिफारिश गरी योग्य उम्मेद्वारलाई पढ्नबाट बञ्चित गरेको।

**कारबाहीः** सरकारी र अर्धसरकारी पदमा नियुक्ति गर्न प्रतिबन्ध लगाउनु पर्ने।

**डाक्टर बीपी दास (बलभद्र दास) उपकुलपति वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान**

**आरोपः** छात्रवृत्ति परिचालन कार्यविधि, २०७२ विपरीत भर्ना गरेको, प्रतिष्ठानले सार्वजनिक सूचना प्रकाशन नगरी एकै पटक भर्ना गरेको, कुनै प्रकृया पूरा नगरी मेरिट लिष्टमा रहेका प्रतिभाशाली विद्यार्थीको हक छिन्ने र अप्रत्यक्ष चलखेल गरी अनियमित तवरले भर्ना गरेको।

**कारबाहीः** भविष्यमा सरकारी र अर्धसरकारी नियुक्ति मनोनयनमा बन्देज लगाउनु पर्ने।

**लोकमानसिंह कार्की प्रमुख अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**आरोपः** आफ्नो संवैधानिक पदको दुरुपयोग गरी केयुको परीक्षामा हस्तक्षेप गरी विवादित कार्य गरेको।

**कारबाहीः** निजलाई भविष्यमा कुनै सरकारी र संवैधानिक नियुक्ति गर्न योग्य नहुने।

**डा. निलमणि उपाध्याय, रजिष्ट्रार नेपाल मेडिकल काउन्सिल**

**आरोपः** नेपाल मेडिकल काउन्सिललाई कानुन बाहिर, गलत मार्गतिर लैजाने काममा मुख्य भूमिका खेलेको। दुई सरकारी निकाय (सैनिक स्वास्थ विज्ञान संस्थान र नेपाल मेडिकल काउन्सिल) बाट एकै समयमा एकातिर पूर्णकालीन प्राध्यापकको रूपमा तलबभत्ता र अर्कोतिर पूर्णकालीन रजिष्ट्रारका रूपमा मासिक तलब सरहको भत्ता भनी निर्णय गराई खाएको। गण्डकी मेडिकल कलेज काठमाडौं अफिसको अधिकृत पदमा श्रीमतीलाई जागिर खुवाएको।

**कारबाहीः** कुनै पनि सरकारी र अर्धसरकारी निकायमा भविष्यमा लाभको पदमा नियुक्ति गर्न अयोग्य देखिएकाले नियुक्ति नगर्ने। एकै समयमा दुई संस्थाबाट तलब खाएकाले भ्रष्टाचारमा अनुसन्धान तहकिकात भई कारबाही गर्नुपर्ने।

**डाक्टर दामोदरप्रसाद गजुरेल पूर्वअध्यक्ष मेडिकल काउन्सिल**

**आरोपः** नेपाल मेडिकल काउन्सिललाई कानून बाहिर, गलत मार्गतिर लैजाने काममा भूमिका खेलेको।

**कारबाहीः** पाँच वर्षसम्म सरकारी र अर्धसरकारी निकायका नियुक्तिमा रोक लगाउनु पर्ने।

**डाक्टर हिराबहादुर महर्जन, पूर्वउपकुलपति त्रिवि**

**आरोपः** विद्या परिषद्को अधिकार खोसेको। त्रिवि कार्यकारी परिषदले कानूनी प्रकृया जानीजानी उल्लंघन गरी अस्थायी सम्बन्ध दिने प्रक्रिया अगाडि बढाएको र सम्बन्धन दिनेतर्फबाट निर्णय गर्न डिनहरूलाई दबाब दिएको।

**कारबाहीः** भविष्यमा सरकारीरअर्धसरकारी निकायमा हुने नियुक्तिमा अयोग्य।

**तीर्थराज खनियाँ, उपकुलपति त्रिवि**

**आरोपः** त्रिवि विद्यापरिषद्ले थप कलेजलाई सम्बन्धन दिन नसकिने निर्णय उल्लंघन गरी काठमाडौं नेशनल मेडिकल कलेजलाई सम्बन्धन दिन भूमिका खेलेको।

**कारबाहीः** तत्काल बर्खास्त गर्ने। भविष्यमा सरकारी तथा अर्ध सरकारी लाभको पदमा नियुक्ति नगर्न आवश्यक निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

**डा. श्री सुधा त्रिपाठी, रेक्टर त्रिवि**

**आरोपः** त्रिवि विद्या परिषद्ले थप कलेजलाई सम्बन्धन दिन नसकिने निर्णय उल्लंघन गरी काठमाडौं नेशनल मेडिकल कलेजलाई सम्बन्धन दिन भूमिका खेलेको।

**कारबाहीः** तत्काल बर्खास्त गर्ने। भविष्यमा सरकारी तथा अर्धसरकारी लाभको पदमा नियुक्ति नगर्न आवश्यक निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

**डिल्ली उप्रेती, रजिष्ट्रार त्रिवि**

**आरोपः** त्रिवि विद्या परिषद्ले थप कलेजलाई सम्बन्धन दिन नसकिने निर्णय उल्लंघन गरी काठमाडौं नेशनल मेडिकल कलेजलाई सम्बन्धन दिन भूमिका खेलेको।

**कारबाहीः** तत्काल बर्खास्त गर्ने। भविष्यमा सरकारी तथा अर्ध सरकारी लाभको पदमा नियुक्ति नगर्न आवश्यक निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

**रामप्रसाद खतिवडा, डिन विज्ञान संकाय त्रिवि**

**आरोपः** त्रिवि विद्यापरिषद्ले थप कलेजलाई सम्बन्धन दिन नसकिने निर्णय उल्लंघन गरी काठमाडौं नेशनल मेडिकल कलेजलाई सम्बन्धन दिन भूमिका खेलेको।

**कारबाहीः** त्रिवि कार्यकारी परिषद् सदस्यबाट हटाउनुपर्ने।

**डा. ताराप्रसाद सापकोटा, डिन, कानून संकाय**

**आरोपः** सर्वोच्च अदालतको अवहेलनाको फैसलाकै गलत व्याख्या गरी सम्बन्धन दिन दिलाउन कार्यकारी परिषद्का पदाधिकारीहरुसँग संलग्न भएको।

**कारबाहीः** त्रिवि कार्यकारी परिषद्को सदस्य र कानून संकायको डिनको जिम्मेबारीबाट हटाउनु पर्ने।

**राजेन्द्र पौडेल, सदस्य त्रिवि**

**आरोपः** पदअनुकूलको काम, कर्तव्य पालन र आचरण नगरेको।

**कारबाहीः** कार्यकारी परिषद्को सदस्यबाट हटाउने।

**हरि पराजुली, सदस्य त्रिवि**

**आरोपः** पदअनुकूलको काम, कर्तव्य पालन र आचरण नगरेको।

**कारबाहीः** कार्यकारी परिषद्को सदस्यबाट हटाउने।

**त्रिविका प्रा.डा. करवीरनाथ योगी, प्रा.डा. ज्योति शर्मा, प्रा.डा. केशवप्रसाद सिंह, प्रा.डा. प्रमोदकुमार श्रेष्ठ, प्रा.डा. परशुराम मिश्र, प्रा.डा. रामप्रसाद उप्रेती र प्रल्हाद पन्त**

**आरोपः** सञ्चालनमै नरहेका अस्पताल सञ्चालनमा रहेको भनी प्रतिवेदन दिएको।

**कारबाहीः** निजहरूले गरेको कसूरको मात्राअनुसार तीन वर्षसम्म सरकारी र अर्धसरकारी नियुक्तिमा रोक लगाउनु पर्ने।

**नेपाल मेडिकल काउन्सिलबाट निरीक्षण गर्ने पदाधिकारीः डा. अनील झा, डा. शशी शर्मा, डा. सरोज श्रेष्ठ**

**आरोपः** गलत र अधुरो प्रतिवेदन दिई मेडिकल कलेज सम्बन्धनको प्रकृया अगाडि बढाएको।

**कारबाहीः** निजहरुलाई सरकारी र अर्धसरकारी निकायको नियुक्तिमा २ (दुई) वर्षका लागि रोक लगाउनु पर्ने।

**नारायणप्रसाद खनाल अधिवक्ता, त्रिवि कानूनी सल्लाहकार**

**आरोपः** विद्यमान कानून, न्यायिक प्रकृया र प्रणालीसमेतको उपेक्षा गरेको पुष्टि हुन आएको। सम्बन्धन दिलाउने कार्यमा सवै पदाधिकारीलाई गलत राय दिएको।

**कारबाहीः** त्रिविको कानूनी सल्लाहकारबाट तुरुन्त हटाउने। सरकारी र अर्धसरकारी निकायमा कानूनी सल्लाहकार र कुनै पदमा नियुक्त नगर्ने।

**डाक्टर रामकण्ठ माकाजु, उपकुलपति काठमाडौं विश्वविद्यालय**

**आरोपः** परीक्षामा अख्तियारको हस्तक्षेप निम्त्याउँदै मापदण्ड नै नपुगेका देवदह र विराट कलेजलाई केयुबाट सम्बन्धन दिन भूमिका खेलेको।

**कारबाहीः** सचेत गराउने।

**प्रा.डा. गोविन्दप्रसाद शर्मा, भरत झा, प्रा.डा. त्रिलोकपति थापा, प्रा.डा. केबी राउत, डा. मनोहरप्रसाद गुप्ता, चन्द्रलाल श्रेष्ठ, हिरेन्द्रमान अमात्य**

**आरोपः** मापदण्ड नपुगेको जानकी मेडिकल कलेजलाई सम्बन्धन दिन र विद्यार्थी भर्नाका लागि स्वीकृति प्रदान गर्न सिफारिस गरेको।

**कारबाहीः** सरकारी र अर्धसरकारी नियुक्तिमा पाँच वर्षसम्म रोक लगाउने।

**प्रा.डा. पन्ना थापा, प्रा.डा रमेशप्रसाद सिंह, सिडी चावला, प्रा. श्यामसुन्दर मल्ल, डा. जगदीश चटौत, प्रद्युम्न श्रेष्ठ, डा. रमेशकुमार अधिकारी, केयू**

**आरोपः** देवदह मेडिकल कलेजलाई सम्बन्धन दिन र विद्यार्थी भर्ना गर्न स्वीकृति दिने गलत सिफारिस गरेको। एमबिबिएस कार्यक्रम सुरू गर्न पूर्वाधार पुगेको भनी सिफारिस गरेको।

**कारबाहीः** सरकारी र अर्धसरकारी नियुक्तिमा पाँच वर्षसम्म रोक लगाउने।

**डा. रोहित श्रेष्ठ र डा. ओजस्वी नेपाल, केयू**

**आरोपः** मापदण्ड नपुगेको विराट मेडिकल कलेज एण्ड टिचिङ अस्पतालमा बढीमा ७५ विद्यार्थी अध्यापन गराउन सक्ने गलत प्रतिवेदन दिएको।

**कारबाहीः** सरकारी र अर्धसरकारी नियुक्तिमा पाँच वर्षसम्म रोक लगाउने।

# डाक्टर केसीका १५ पटकसम्मका अनशनका माग, सहमति र विरोधाभास

## पहिलो अनशन

| | |
|---|---|
| **मितिः** | २०६९ असार २१-२४ गते |
| **सरकारको नेतृत्वः** | प्रधानमन्त्री- बाबुराम भट्टराई<br>स्वास्थ्यमन्त्री- राजेन्द्र महतो<br>शिक्षामन्त्री- दीनानाथ शर्मा |
| **मागः** | वरिष्ठताका आधारमा आइओएमको डीन नियुक्ति गरिनुपर्ने। |
| **सहमतिः** | रिष्ठताका आधारमा डा. कुमुदकुमार काफ्ले डीन नियुक्त। |
| **पूरा भएकामागः** | उनको अनशनको उपलब्धिका रुपमा आइओएममा डाक्टर कुमुदकुमार काफ्ले आइओएमको डिनमा नियुक्ति भए तर त्रिभुवन विश्वविद्यालयले मानेन। |
| **प्रक्रिया थालिएको/नथालिएकोः** | |
| **कैफियतः** | असार २४ गते त्रिवि कार्यकारी परिषद्ले डा. केसीको माग सम्बोधन गर्दै वरिष्ठता सूचीमा पहिलो नम्बरमा रहेका डा. कुमुदकुमार काफ्लेलाई आइओएमको डीन नियुक्त गरेको थियो। डा. काफ्लेले डीन भएको एक महिनामै उमेरका कारण अवकास पाए। |

## दोस्रो अनशन

| | |
|---|---|
| **मितिः** | २०६९ साउन २७-भदौ १ गते |
| **सरकारको नेतृत्वः** | प्रधानमन्त्री-बाबुराम भट्टराई<br>स्वास्थ्यमन्त्री-राजेन्द्र महतो<br>शिक्षामन्त्री-दीनानाथ शर्मा |
| **मागः** | वरिष्ठताका आधारमा आइओएमको डीन नियुक्ति गरिनुपर्ने। |

| | |
|---|---|
| **सहमतिः** | अनशनको बेवास्ता गर्दै त्रिवि कार्यकारी परिषद्ले वरिष्ठता सूचीमा ३२ नम्बरमा रहेका डा. धर्मकान्त बाँस्कोटालाई डीन नियुक्त गर्‍यो। तर, डा. केसीले अनशन नछाडेपछि सरकारले हस्तक्षेप गरेर वरिष्ठताका आधारमा डीन नियुक्ति गर्न कार्यकारी परिषद्लाई वाध्य पारेको थियो। दोस्रो अनशनले वरिष्ठ र इमान्दार छवि बनाएका डा. प्रकाश सायमीलाई डीन बनायो। **वरिष्ठताका आधारमा डा. प्रकाश सायमी डीन नियुक्त।** |
| **पूरा भएका मागः** | **केसीको अनशन सम्बोधन गर्न त्रिविले आफ्नो बरियतामा ३२ औं नम्बरमा रहेका डा. धर्मकान्त बास्कोटा आइओएमका डिन नियुक्त गर्‍यो।** तर केसीले अनशन तोडेनन्। अन्ततः उनको मागअनुसार नै वरिष्ठताका आधारमा डा. प्रकाश सायमी आइओएममा डिन नियुक्त भए। डा. सायमीले आफू डीन नियुक्त भएकै दिन आफ्नो चार वर्षे कार्यकालमा मेडिकल कलेजलाई सम्बन्धन नदिने प्रतिबद्धता सार्वजनिक गरे। केही समयपछि उनले फ्याकल्टी बोर्डबाटै निर्णय गराएर सम्बन्धन बन्द गरिदिए। |
| **प्रक्रिया थालिएको/नथालिएकोः** | डा. सायमीले मंसिर १९ मा पुस २ गतेदेखि लागू हुनेगरी राजीनामा दिएपछि डा. केसीको तेस्रो अनशनको वीजारोपण भएको थियो। **सम्बन्धन दिने शर्तमा वरिष्ठताक्रम मिचेर डा. शशि शर्मा डीनमा नियुक्त** भएको भन्दै केसी तेस्रो पटक अनशन बसे। |
| **कैफियतः** | दोस्रो संविधानसभा निर्वाचनको तरल अवस्थाको फाइदा उठाउँदै त्रिवि पदाधिकारीले आइओएमले बन्द गरिसकेको सम्बन्धन खोल्न आफैं सूचना मागे। त्रिविको सूचनामा प्रस्तावित काठमाडौं नेसनल मेडिकल कलेज, पिपल्स डेन्टल तथा मेडिकल कलेज, मनमोहन मेडिकल कलेज र नेपाल प्रहरी मेडिकल कलेजले सम्बन्धनका लागि आवेदन दिए। आवेदनपछि त्रिविले कलेज अनुगमन समिति बनाएर तत्काल सम्बन्धन |

दिनेगरी चार कलेजको निरीक्षण गर्न आइओएमका चार प्राध्यापकको नेतृत्वमा टोली खटाएपछि विवाद अख्तियारसम्म पुगेको थियो।

## तेस्रो अनशन

**मितिः** २०७० पुस २७ - माघ १० गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-खिलाराज रेग्मी
स्वास्थ्यमन्त्री-विद्याधर मल्लिक
शिक्षामन्त्री-माधवप्रसाद पौडेल

**मागः**

१. राजनीतिक भागवण्डामा नियुक्त भएका डीन डा. शशि शर्मालाई बर्खास्त गरी वरिष्ठताका आधारमा डिन नियुक्ति।
२. आइओएमलाई छुट्टै विश्वविद्यालयका रुपमा स्थापना।
३. नयाँ मेडिकल कलेजको सम्बन्धन बन्द गर्ने।
४. राष्ट्रिय चिकत्सा शिक्षा नीति तय गर्ने। सम्बन्धनबारे राष्ट्रिय नीति बनाएर त्यसैअनुसार निर्णय गर्ने।

**सहमतिः**

१. डीन डा. शशि शर्मा बर्खास्त।
२. केही समयभित्र वरिष्ठताका आधारमा डीन नियुक्त गरिने।
३. आइओएमलाई छुट्टै मेडिकल विश्वविद्यालयका रूपमा स्थापना गर्नेबारे सम्भाव्यता अध्ययन गरी प्रारुप तयार गर्न सरकारले एक उच्चस्तरीय समिति गठन गर्ने।
४. राष्ट्रिय चिकत्सा शिक्षा नीति तय गर्ने, मेडिकल कलेज सम्बन्धनमा राष्ट्रिय नीति बनाएर त्यसैअनुसार निर्णय गर्ने।

**पूरा भएका मागः**

१. डीन डा. शशि शर्मा बर्खास्त।
२. केही समयभित्र वरिष्ठताका आधारमा डीन नियुक्त गरिने।
३. आइओएमलाई छुट्टै मेडिकल विश्वविद्यालयका रूपमा स्थापना गर्नेबारे सम्भाव्यता अध्ययन गरी प्रारुप तयार गर्न सरकारले एक उच्चस्तरीय समिति गठन गर्ने।
४. राष्ट्रिय चिकत्सा शिक्षा नीति तय गर्ने, मेडिकल कलेज सम्बन्धनमा राष्ट्रिय नीति बनाएर त्यसैअनुसार निर्णय गर्ने।

**प्रक्रिया थालिएको/नथालिएकोः**

**कैफियतः** यसबेलासम्म केसीका माग त्रिवि र आइओएमको मुद्दामा सिमित थिए। तर यसैबीच खिलराज रेग्मी नेतृत्वको अन्तरिम सरकार पालामा एकाएक आइओएमलाई विश्वविद्यालयका रुपमा स्थापना गर्नेबारे सम्भाव्यता अध्ययन गर्न'पर्ने, नयाँ मेडिकल कलेजको सम्बन्धन बन्द गनुपर्ने, राष्ट्रिय चिकित्सा शिक्षा नीति तय गर्न' पर्ने नयाँ माग थपिए। सरकारले उनीसँग ४ बुँदे सहमति गऱ्यो। सरकारले यी मागका बारेमा सहमति गऱ्यो तर अनशनको क्रम रोकिएन। रेग्मीकै पालामा चौथो पटक केसी विश्वविद्यलायको परिषर नाघेर संसद् र सरकारका कतिपय गतिविधिमा प्रवेश गर्दै अनशन बसे।

## चौँथो अनशन

**मितिः** २०७० माघ २५ - फागुन ३ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-खिलाराज रेग्मी (माघ २८ गतेसम्म)
स्वास्थ्यमन्त्री-विद्याधर मल्लिक
शिक्षामन्त्री-माधवप्रसाद पौडेल (माघ २८ गतेबाट)
प्रधानमन्त्री-सुशील कोइराला
स्वास्थ्यमन्त्री-खगराज अधिकारी
शिक्षामन्त्री-चित्रलेखा यादव

**मागः**

१. आइओएमका भ्रष्ट पूर्व पदाधिकारीलाई तत्काल कारबाही गर्न'पर्ने।

२. संसदीय समितिले दिएको मेडिकल कलेजलाई सम्बन्धन दिनेसम्बन्धी निर्देशन तुरुन्त फिर्ता या बदर गर्न'पर्ने।
जयराम गिरीको अध्यक्षतामा गठित चिकित्सा शिक्षा मापदण्ड समितिले गरेका सिफारिस तत्काल कार्यान्वयन गर्न'पर्ने।

३. विगतका सहमति तथा मन्त्रिपरिषद्को निर्णय विपरित काठमाडौं विश्वविद्यालय (केयू) ले हालै दुई मेडिकल कलेजलाई दिएको सम्वन्धन रोकी केयूका जिम्मेवार पदाधिकारीलाई कारबाही गर्न'पर्ने।

४. आइओएम, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) लगायतका महत्वपूर्ण संस्थामा पदाधिकारी नियुक्त गर्दा भागवण्डामा नभई वरिष्ठताका आधारमा गर्न'पर्ने।

५. ग्रामीण क्षेत्रमा मेडिकल कलेज स्थापनाको प्रक्रिया तत्काल सुरु गर्नुपर्ने।

**सहमतिः**

**खण्ड–क**

१. आइओएममा वरिष्ठताका आधारमा तत्काल डीन नियुक्त गरी सोको जानकारी गराउनु भनी त्रिवि कुलपति एवं प्रधानमन्त्रीले २०७० माघ २८ गते त्रिवि उपकुलपतिलाई दिएको निर्देशन बमोजिम माघ २९ गते डा. राकेशप्रसाद श्रीवास्तव डीनमा नियुक्त।

२. शिक्षण अस्पतालको निर्देशकमा निमित्त निर्देशक डा. ईश्वर लोहनी नियुक्त।

३. मेडिकल कलेजहरूलाई सम्वन्धन दिने प्रक्रियामा अनियमितता भएको भन्ने सम्बन्धमा छानबिनका लागि अख्तियार प्राप्त निकायलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माघ २९ गते लेखी पठाएको र सम्बन्धित निकायबाट हुने छानबिनका आधारमा दोषि देखिएका पदाधिकारीलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न नेपाल सरकार प्रतिबद्ध।

४. नेपाल सरकारका पूर्वसचिव जयराम गिरीको अध्यक्षतामा गठित छानविन समितिले पेश गरेको प्रतिवेदनले औंल्याएका सुझाव र निष्कर्षलाई गम्भीरतापूर्वक लिई दोषीलाई कारबाही गर्न तथा अगामी दिनमा त्यस किसिमका समस्या हुन नदिन आवश्यक व्यवस्था र कार्ययोजना तयार गरी लागू गर्न' भनी शिक्षा मन्त्रालयबाट विश्वविद्यालयलाई लेखी पठाइसकिएकोमा सो बमोजिम हालसम्मको यथार्थ प्रगति कुलपति एवं प्रधानमन्त्रीलाई गराउन फागुन २ गते लेखी पठाएको।

५. आइओएमलाई कुन विषय वा क्षेत्रमा स्वायत्तता दिन सकिन्छ भन्ने विषयमा आइओएमसँग प्रस्ताव माग गरी २१ दिनभित्र विश्वविद्यालयको सभामा पेश गर्ने व्यवस्था गर्न त्रिवि उपकुलपतिलाई प्रधानमन्त्री एवं कुलपतिको निर्देशन अनुसार लेखी पठाएको।

**खण्ड–ख**

१. कलेज स्थापना गर्ने सम्बन्धमा सरकारले यथाशीघ्र आवश्यक नीति बनाई लागू गर्नेछ।

२. सरकारद्वारा गठित वार्ता टोली र चिकित्सक संघबीच भएको यसअघिको सहमतिलाई कार्यान्वयन गर्न सरकारले सम्पूर्ण व्यवस्था मिलाउनेछ।

३. निजी मेडिकल कलेजको सम्वन्धन र शैक्षिकस्तरका सम्वन्धनमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न माघ २० मा शिक्षा मन्त्रालयद्वारा गठित उच्चस्तरीय समितिलाई काम सुरु गर्न फागुन १ मा लेखी पठाएको र सो कार्यदलले दिने प्रतिवेदन कानुन बमोजिम कार्यान्वयन गर्दै जाने नीति लिइने।
४. नेपालमा चिकित्सा विज्ञानसम्बन्धी छुट्टै विश्वविद्यालय स्थापना र विकासका लागि सम्भाव्यता अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेश गर्न सरकारले गठन गरेको कार्यदललाई काम सुरु गर्न फागुन १ मा शिक्षा मन्त्रालयबाट लेखी पठाएको र कार्यदलले दिने प्रतिवेदन बमोजिम कार्यान्वयन गर्दै जाने।
५. नेपालको जनशक्ति आवश्यकता, भौगोलिक अवस्थिति र सन्तुलित विकासलाई समेत विचार गरी चिकित्सा शिक्षाको राष्ट्रिय नीति बनाएर मात्र थप कलेजहरूलाई सम्वन्धन दिने व्यवस्था मिलाउने।
६. वरिष्ठता र कार्यदक्षताको आधारमा त्रिवि पदाधिकारीहरूको नियुक्ति कानुन बमोजिम गर्ने नीति लिने।

**पूरा भएका मागः** वरिष्ठताका आधारमा डा. राकेश श्रीवास्तव डिन नियुक्त भए, त्रिवि पदाधिकारीसँग स्पष्टीकरण सोध्ने सम्झौता भयो, सम्बन्धन प्रकरण छानबिन गर्न अख्तियारलाई पत्राचार गर्ने, आइओएमलाई स्वायत्तता दिन २१ दिनभित्र विश्वविद्यालय सभा बोलाउनेलगायतका सहमति भए।

**प्रक्रिया थालिएको/नथालिएकोः** यसबेलासम्मका सहमति आंशिक रुपमा कार्यान्वयन भएका थिए। कतिपय कार्यान्वयनको नीतिगत चरणमा थिए। तरपनि न केसीको अनशनको क्रम रोकियो नत माग संख्या थपिन नै। **प्रक्रियामा नै रहेको**

**कैफियतः** चोथौ पटक थपिएका मागमा आइओएमका “भ्रष्ट पूर्व पदाधिकारी”लाई तत्काल कारबाही गर्ने, संसदीय समितिले दिएको मेडिकल कलेजलाई सम्बन्धन दिने सम्बन्धी निर्देशन तुरुन्त फिर्ता गर्न‘पर्ने, जयराम गिरीको अध्यक्षतामा गठित चिकित्सा शिक्षा मापदण्ड समितिले गरेका सिफारिस तत्काल कार्योन्यन गनुपर्ने, ग्रामिण क्षेत्रमा मेडिकलको स्थापनाको प्रक्रिया तक्काल सुरु गर्न‘पर्ने लगायत थिए।

## पाँचौ अनशन

**मितिः** २०७१ चैत ८-१९ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-सुशील कोइराला
स्वास्थ्यमन्त्री-खगराज अधिकारी
शिक्षामन्त्री-चित्रलेखा यादव

**मागः**

१. चिकित्सा शिक्षा नीति र चिकित्सा विश्वविद्यालय निर्माण नभएसम्म नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिनु हुँदैन।

२. विगतदेखि सम्बन्धन लगायतका प्रकरणमा अनियमितता र भ्रष्ट गतिविधिमा संलग्न त्रिवि पदाधिकारीलाई पदच्यूत गरेर कारबाही गर्न'पर्छ।

३. चिकित्सा विश्वविद्यालय सम्भाव्यता अध्ययन समिति र चिकित्सा शिक्षा राष्ट्रिय मापदण्ड निर्धारण समितिले बुझाएको प्रतिवेदन तत्काल कार्यान्वन हुनुपर्छ।

४. राष्ट्रिय चिकित्सा तथा स्वास्थ्य शिक्षा नीति निर्माणका लागि बनेको कार्यसमितिले रिपोर्ट बुझाउनासाथ यसलाई तत्काल कार्यान्वयन गर्न'पर्छ।

५. सरकारसँग विगतमा भएका सहमति र मन्त्रिपरिषद्को निर्णय विपरीत काठमाडौं विश्वविद्यालयले दिएका दुईवटा मेडिकल कलेजको सम्वन्धन तत्काल रोकिनुका साथै यो प्रकरणमा संलग्न केयू पदाधिकारीलाई कारबाही गरिनुपर्छ। आफ्नो अख्तियार दुरुपयोग गर्दै सम्वन्धनका लागि अवाञ्छित दबाब दिएको आरोप लागेकाले यसको छानबिनसँगै दबाब दिइएको पाइए अख्तियारका प्रमुख आयुक्तमाथि कानुनी कारबाही गरिनुका साथै पटक(पटक राज्यले गरेको सम्झौता उल्लंघन गर्ने शिक्षा मन्त्रीमाथि पनि उचित कारबाही गरियोस्।

६. अनुगमनपछि सन्तोषजनक नपाइएको मेडिकल कलेजको सिट घटाइनुको सट्टा बढाउने गरिएकोमा यो प्रकरणमा संलग्न मेडिकल काउन्सिल, त्रिवि र केयूका पदाधिकारीहरूलाई छानबिन गरी गुणस्तरमा सम्झौता गरेको पाइए कारबाही हुनुपर्छ।

७. काउन्सिल र विश्वविद्यालयले लिने प्राविधिक निर्णयमा अदालतले बारम्बार अवाञ्छित हस्तक्षेप गर्दै गुणस्तर नपुगेका कलेजको सिट घटाउन नमिल्ने, प्रवेश परीक्षामा नबसेका, फेल भएका विद्यार्थीलाई पढाउन पाउने फैसला गरेर दण्डहीनताको अवस्था सिर्जना गरेकाले त्यस्ता फैसलाबारे कानुनबमोजिम छानबिन गरेर कारबाही गरियोस्।

८. त्रिवि, आइओएम, न्याम्सलगायत नेतृत्वदायी र नियामक संस्थामा दलीय बफादारीले नभएर वरिष्ठता र कार्यक्षमताका आधारमा नियुक्ति गरियोस्। दलीय बफादारीमा नियुक्त भएका नेपाल मेडिकल काउन्सिलका अध्यक्ष लगायत पदाधिकारीलाई तुरुन्त बर्खास्त गरियोस्।

९. आमव्यक्तिमाझ सर्वसुलभ स्वास्थ्य सेवा पुऱ्याउने जिम्मा राज्यको भएकाले यसका लागि दीर्घकालीन नीति लिएर कार्यान्वनय सुरु गरियोस्। त्यस प्रयोजनका लागि चिकित्सा, नर्सिङ र पारामेडिकल कोर्समा विद्यार्थीलाई नि:शुल्क वा न्यूनतम शुल्कमा पढाउने व्यवस्थासँगै चिकित्साका स्नातकोत्तर र सोभन्दा माथि तहलाई तत्काल पूर्ण नि:शुल्क गरियोस्।

१०. ग्रामीण क्षेत्रमा सरकारी पहलमा मेडिकल कलेज खोल्ने सम्झौता भएकोमा यसलाई तुरुन्त कार्यान्वयन गरियोस्।

**सहमतिः**

१. केदारभक्त माथेमा संयोजक रहेको समितिबाट प्रतिवेदन प्राप्त भई स्वास्थ्य शिक्षा नीति बनेपछि सोही बमोजिम हुनेगरी नीति र कानुन नबनेसम्म मेडिकल कलेजलाई सम्बन्धन दिने र विस्तार गर्नेसम्बन्धी कुनै कामकारबाही नगर्ने। अनियमितता छानबिन गर्न गठित जयराम गिरी नेतृत्वको समितिले दिएको प्रतिवेदन कारबाहीका लागि अख्तियारमा पठाउने।

२. चिकित्साशास्त्र अध्ययन संस्थान टुक्र्याउने गरी भएको सिनेटको निर्णय नगर्न कुलपतिबाट पत्राचार भइसकेको। चिकित्साशास्त्र सम्बन्धी आशयपत्र, सम्बन्धन, विस्तारित कार्यक्रम, योग्यताक्रमका आधारमा विद्यार्थी भर्ना, सिट थपघट र शुल्क सम्बन्धमा त्रिवि, केयू र नेपाल मेडिकल काउन्सिलबाट भएरगरेका कामकारबाहीका विषयमा छानबिन गरी दुई महिनाभित्र प्रतिवेदन पेश गर्न पुनरावेदन अदालतका पूर्व न्यायाधीश संयोजक रहेको एक छानबिन आयोग ७ दिनभित्र गठन गर्ने। समितिका सिफारिस अविलम्व कार्यान्वयन गर्ने।

३. चिकित्सा विश्वविद्यालयसम्बन्धी विधेयक आगामी तीन महिनाभित्र संसदमा पेश गर्ने।

४. स्वास्थ्य शिक्षा नीति निर्माणका लागि बनेको समितिको प्रतिवेदन कार्यान्वयन गर्ने।

५. शिक्षा क्षेत्रका पदाधिकारीहरू विशिष्ठता र वस्तुगतका आधारमा नियुक्त गर्ने राजनीतिक प्रतिबद्धता गर्नेर सो प्रतिबद्धता कार्यान्वयन गर्न चार महिनाभित्र कानुनी व्यवस्था गर्ने।

६. मापदण्ड पूरा नगर्ने मेडिकल कलेजलाई पुन:मूल्यांकन गरेर “डिअफिलियट”

गर्न सकिने नीतिगत व्यवस्था गर्न केदारभक्त माथेमा संयोजक रहेको समितिलाई कार्यादेश थप्ने।

७. स्वास्थ्य सेवाका लागि आवश्यक चिकित्साशास्त्र र अन्य सम्पूर्ण विषयका सबै कोर्षका सबै तहमा वैज्ञानिक शुल्क निर्धारण गर्न केदारभक्त माथेमा समितिलाई थप क्षेत्राधिकार दिने र सो सिफारिस आगामी शैक्षिक सत्रदेखि लागू गर्ने।

८. सरकारी शिक्षण संस्थाहरूमा एमडीरएमएस, एमडिएस, डिएम र एमसिएच तहका शैक्षिक सत्र २०७२र७३ देखि अध्ययन गर्ने विद्यार्थीलाई समावेश गर्नेगरी निःशुल्क गर्ने, त्यसका लागि कार्यविधि र बजेटको व्यवस्था आगामी आर्थिक वर्षदेखि स्वास्थ्य मन्त्रालयले गर्ने, निजी कलेजको सम्बन्धमा केदारभक्त माथेमा आयोगले गरेबमोजिम हुने।

९. पाँचै विकास क्षेत्रमा आगामी ५ वर्षमा कम्तीमा एक-एक सरकारी मेडिकल कलेज हुने नीति लिने र आगामी आवमा मध्यमाञ्चलमा एक मेडिकल कलेज स्थापना अगाडि बढाउने।

१०. काठमाडौं विश्वविद्यालयबाट दिइएको विस्तारित कार्यक्रमका सम्बन्धमा कानुनी प्रक्रिया पुऱ्याएर स्थगन गराउनेतर्फ कारबाही चलाउने र तत्पश्चात अध्ययनरत विद्यार्थीको उपयुक्त व्यवस्थापन गर्ने।

११. नेपाल चिकित्सक संघसँग गरिएका सम्झौता र उक्त संघले उठाएका मागप्रति यहाँ सम्झौता भएका मागहरू यसैअनुसार हुने र बाँकी विषयमा मन्त्रालयमा सम्बोधन र कार्यान्वयनका लागि लेखिपठाउने।

**पूरा भएका मागः** अनशन सुरु गरेको ११ दिनपछि फागुन १९ गते अनशन तोडियो। उनले प्रस्तुत गरेका मागहरूमा सरकारसँग ६ बुँदे सहमति भयो।

सहमतिको दोस्रो बुँदामा जयराम गिरी नेतृत्वको समितिले दिएको कारबाहीका लागि अख्तियार पठाउने भनिएको छ।

**प्रक्रिया थालिएको/नथालिएकोः** अख्तियार पठाइए पनि कारबाही भएको छैन।

**कैफियतः** पाचौं पटकदेखि सातौं पटकसम्म गरी ३६ दिनसम्म अनशन बसेका केसीले अहिले चर्चामा रहेक अधिकांश माग यसैबेला देखि उठाएका हुन। कोइराला सरकारका पालामा केसीले चिकित्सा स्नात्तकोत्तर र सो भन्दा माथिका तहलाई पूर्ण रुपमा निःशुल्क गर्ने, विराट र देवदह मेडिकल कलेजलाई सरकारले दिएको सम्बन्धन

खारेज गर्ने र सम्बन्धन दिने काठमाडौं विश्वविद्यालयका पदाधिकारीलाई कारबाही गर्न' पर्ने, ग्रामीण क्षेत्रमा सरकारी पहलमा मेडिकल कलेज खोल्नेलगायतका माग थपे। हरेक पटक सरकारसँग सहमति भयो। तर उनका माग सम्बोधन गर्न ठोस काम भने केही भएन। सरकारले केसीका माग पन्छाउने उपाय स्वरुप केदारभक्त माथेमा संयोजक रहेको समिति गठन गऱ्यो। समितिबाट प्रतिवेदन प्राप्त भएपछि स्वास्थ्य शिक्षा नीति बनाएर सोही बमोजिम गर्ने भन्दै टारियो। त्यतिखेरै मनसायपत्र लिएर लगभग पूर्वाधार तयार गरिसकेका मनमोहन मेडिकल कलेजलगायतका दूई कलेजलाई माथेमा प्रतिवेदन तयार हुदैछ त्यसपछि विचार गरौँला भन्ने अड्को देखाएर सम्बन्धन दिइएन।

## छैठौं अनशन

**मितिः** २०७२ भदौ ७ - भदौ १९ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-सुशील कोइराला
स्वास्थ्यमन्त्री-खगराज अधिकारी
शिक्षामन्त्री-चित्रलेखा यादव

**मागः**

१. माथेमा प्रतिवेदन सार्वजनिक गरेर मन्त्रीमण्डलबाट त्यसलाई कार्यान्वयन गर्ने निर्णय लिएर आवश्यक नीति र कानुन निर्माणका प्रक्रिया तत्काल थालियोस्। साथै विद्यार्थी संख्या र शुल्कजस्ता तत्काल कार्यान्वयन गर्न सकिने बुँदाहरू आउँदो शैक्षिक सत्रदेखि लागू गर्ने व्यवस्था गर्न मेडिकल काउन्सिल र विश्वविद्यालयहरूलाई तुरुन्त पत्राचार गरियोस्।

२. विगतमा भएका अन्य सहमतिका बुँदाहरू तत्काल कार्यान्वयन गरियोस्
   - चिकित्सा विश्वविद्यालय विधेयक तत्काल संसदमा पेश गरियोस्।
   - काठमाडौं विश्वविद्यालयले अनियमिततापूर्वक दिएको सम्वन्धन स्थगन गर्दै विद्यार्थीहरूको उचित व्यवस्थापन गरियोस्।
   - चिकित्साको स्नातकोत्तर निःशुल्क गर्न बनाइएको कार्यविधिले उल्टै नेपालीका लागि स्नातकोत्तर सिट घटाएकाले अविलम्ब उक्त कार्यविधि खारेज गरेर

यस वर्ष गत वर्षकै सिट विभाजन अनुसार स्नातकोत्तर नि:शुल्क बनाई अर्को वर्षदेखि माथेमा समितिले सुझाए बमोजिम गर्ने व्यवस्था गरियोस्।

३. स्वास्थ्य र शिक्षा क्षेत्रका महत्वपूर्ण पदाधिकारीहरू राजनीतिक भागवण्डाबाट नभई विशिष्टता र वस्तुनिष्ट आधारमा नियुक्त गर्ने राजनैतकि प्रतिबद्धता गर्ने तथा त्यसका लागि चार महिनाभित्र कानुनी व्यवस्था गर्ने सहमति भएकोमा उक्त सहमतिविपरीत नेपाल मेडिकल काउन्सिल, नेपाल हेल्थ रिसर्च काउन्सिल र संस्कृत विश्वविद्यालय अन्तर्गतको आयुर्वेद अध्ययन संस्थानमा पदाधिकारीहरू नियुक्त गरिएकाले तुरुन्त राजनीतिक भागवण्डाबाट बनाइएका पदाधिकारीलाई फिर्ता गरी वरिष्ठता र कार्य दक्षताका आधारमा नयाँ पदाधिकारी नियुक्त गरियोस्। साथै, उक्त प्रयोजनका लागि तुरुन्त कानुनी व्यवस्था गरियोस्।

४. झन्डै एक वर्षदेखि पठनपाठन पूर्ण अवरुद्ध भएको जानकी मेडिकल कलेजका विद्यार्थीलाई अविलम्ब व्यवस्थापन गरी उक्त मेडिकल कलेजका सञ्चालकहरूलाई कानुनबमोजिम कारबाही गरियोस्।

५. त्रिविमा नयाँ पदाधिकारी नियुक्त गर्दा दलीय भागवण्डा नभई वरिष्ठता र कार्य दक्षताका आधारमा नियुक्त गरियोस्। विगतमा सम्वन्धन लगायतका विषयमा अनियमितता र भ्रष्टाचारमा मुछिएका त्रिवि पदाधिकारी र आइओएमका पूर्व पदाधिकारीलाई तत्काल छानविन र कारबाही गरियोस्।

**सहमतिः**

१. प्राध्यापक केदारभक्त माथेमाको संयोजकत्वमा गठित “चिकित्सा शिक्षा सम्बन्धी नीति तर्ज‘मा उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०७२”का सुझाव अनुसार यसपश्चात् बस्ने पहिलो मन्त्री परिषद्को बैठकबाट चिकित्सा शिक्षा आयोग गठन गर्ने। चिकित्सा शिक्षा नीति सम्बन्धी गरिएका निर्णयहरूको सहजीकरण र अनुगमन सोही आयोगले गर्ने।

   क) उक्त प्रतिवेदनको सुझाव बमोजिम हुनेगरी नीतिगत ढाँचामा “चिकित्सा शिक्षा सम्बन्धी नीति” तयार पारी सो बमोजिम कानुनको मस्यौदा बनाएर तीन महिनाभित्र संसदमा पेश गर्ने।

   ख) उक्त प्रतिवेदनले सुझाए अनुसार काठमाडौं उपत्यकाभित्र मेडिकल, डेन्टल र नर्सिङ कलेजका लागि मनसायपत्र नवीकरण नगर्ने। र, यो विषयमा राष्ट्रिय योजना आयेगले प्रस्तावित चिकित्सा शिक्षा आयोगको संलग्नतामा तयार गर्ने मानव स्रोत विकास रणनीति अनुसार जनशक्ति र स्थानको पहिचान गरी समग्र पक्षको विश्लेषणपछि आवश्यक कारबाही गर्ने।

   ग) एमबिबिएस कार्यक्रममा अधिकतम वार्षिक सिट निम्नअनुसार निर्धारण

हुने: २०७२/२०७३ को शैक्षिक सत्रमा १३५, ०७३/०७४ मा ११५ सिट र ०७४/०७५ देखि १०० सिट। सो अनुसार व्यवस्था गर्न विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल र प्रतिष्ठानहरूलाई शिक्षा मन्त्रालयमार्फत् निर्देशन दिने।

घ) शुल्कसम्बन्धी व्यवस्था:

- एमबिबिएस कार्यक्रमको शुल्क निम्नअनुसार हुने: हाललाई अधिकतम ३५ लाख रुपैयाँ हुने व्यवस्था गर्ने। पहिलोचोटि एक वर्षमा र त्यसपछि प्रत्येक २/२ वर्षमा राष्ट्र बैंकद्वारा प्रकाशित मुद्रास्फीतिलाई ध्यानमा राखेर चिकित्सा शिक्षा आयोगले शुल्क परिवर्तन गर्न सक्ने।
- देशका सबै निजी कलेजमा स्नातकोत्तर तहमा हाल काठमाडौं विश्वविद्यालयले लिने गरेको शुल्कसरह २३ लाख रुपैयाँ तोक्ने। सोबापत सम्बन्धित कलेजले समुचित निर्वाह भत्ता दिनुपर्ने। उपयुक्त प्रावधानबमोजिम स्नातकोत्तर उत्तीर्ण गरेको चिकित्सकले एक वर्ष अनिवार्य नेपाल सरकारले खटाएको ठाउँमा काम गर्न'पर्ने, कम्तिमा थप एक वर्ष अनिवार्य स्वदेशमै सेवा गर्न'पर्ने व्यवस्था मिलाउने। स्नातक र स्नातकोत्तर दुवै तहका लागि छात्रवृत्ति र सःशुल्क सिटका लागि समेत हाललाई सम्बन्धित विश्वविद्यालयले निकालेको योग्यता सूची र चिकित्सा शिक्षा आयोग बनेपछि उक्त आयोगले तयार पारेको योग्यता सूचीका आधारमा भर्ना गरी सम्बन्धित कलेजमा पठाउने व्यवस्था गर्ने। यसो गर्दा नेपाल सरकारले थप आर्थिक भार व्यहोर्न' नपर्ने।

ङ) विदेशी विद्यार्थीको हकमा साझा राष्ट्रिय प्रवेश परीक्षा अथवा स्याट उत्तीर्ण गरेको हुनुपर्ने, साथै चिकित्सा शिक्षाका लागि विदेश जान चाहने नेपाली विद्यार्थीको हकमा साझा राष्ट्रिय परीक्षा उत्तीर्ण गरेपछि मात्र शिक्षा मन्त्रालयले "नो अब्जेक्सन लेटर" र नेपाल मेडिकल काउन्सिलले "इलिजिबिलिटी" प्रमाणपत्र प्रदान गर्ने।

२. मागका बुँदा ३,४,५ र ६ का सम्बन्धमा चिकित्सा क्षेत्रका विज्ञ दुई, स्वतन्त्र कानुन व्यवसायी एक सहित पूर्वन्यायधीशको संयोजकत्वमा दुई हप्ताभित्र न्यायिक आयोग गठन गर्ने। विभिन्न विश्वविद्यालयबाट दिइएको सम्वन्धन, भर्ना, नियुक्ति, शुल्क, बिस्तारित कार्यक्रम, सिट घटबढ तथा नेपाल मेडिकल काउन्सिलका सम्पूर्ण गतिविधको छानविन गर्ने क्षेत्राधिकार आयोगलाई दिने। सो आयोगको समायावधि ३ महिना रहने।

३. विश्वविद्यालय र चिकित्सा सम्बन्धी विभिन्न निकायमा गरिने नियुक्तिका सम्बन्धमा प्रचलित अन्तराष्ट्रिय मापदण्ड बमोजिम हुनेगरी शिक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कानुनी व्यवस्था गर्ने। पदाधिकारी नियुक्तिका लागि गठन हुने सर्च कमिटीमा राजनीतिक दलको सदस्यता नभएको विज्ञ व्यक्ति संयोजक बनाउने व्यवस्था गर्ने।

४. पूर्वसहमति बमोजिम सरकारी शिक्षण संस्थामा चिकित्सा शिक्षाको स्नातकोत्तर तहको अध्ययन निःशुल्क गर्ने कार्य अन्तिम चरणमा पुगेकाले तत्काल सो तह निःशुल्क गर्दै समयमै शैक्षिक सत्र सुरु गर्न संस्थानहरूलाई पत्राचार गर्ने।

५. जानकी मेडिकल कलेजका विद्यार्थीलाई तत्काल सम्बन्धित निकायले व्यवस्थापन गर्ने। सम्बद्ध सञ्चालकहरूलाई कानुनबमोजिम कारबाही गर्ने।

६. सरकारी शिक्षण संस्थाहरूमा स्वीकृत कार्ययोजना अनुसार चिकित्साको स्नातक तहमा कम्तीमा ५० प्रतिशत सिट निःशुल्क वा पूर्ण छात्रवृत्तिमा हुने र सो संख्या क्रमशः ७५ प्रतिशत पुर्‍याउने। सो प्रयोजनका लागि सबै सरकारी शिक्षण संस्थालाई शिक्षा मन्त्रालयमार्फत् निर्देशन दिने।

७. काठमाडौं विश्वविद्यालयले विस्तारित कार्यक्रमका नाममा देवदह मेडिकल कलेजलाई दिएको विद्यार्थी भर्ना अनुमतिका सम्बन्धमा कानुनी कारबाही चलिरहेकोमा उस्तै प्रकृतिको स्वीकृति दिइएको विराट मेडिकल कलेजको हकमा समेत नेपाल सरकारले छानविन गरी दोषी पाइएमा भर्ना प्रक्रिया स्थगन गर्ने।

८. चिकित्सा विश्वविद्यालय निर्माणका लागि प्रक्रिया चलिरहेको समयमा चिकित्सा शिक्षा आयोग बनेको तथा दुवैको कार्यक्षेत्र जुधेकाले चिकित्सा विश्वविद्यालय निर्माण गर्न आवश्यक नदेखिएकाले सो निर्माणको प्रक्रिया अगाडि नबढाउने।

९. सरकारी र निजी मेडिकल कलेजको अनुपात क्रमशः १:३ पुर्‍याउने व्यवस्था गर्ने।

१०. काठमाडौं विश्वविद्यायलको सिनेटमा प्राध्यापकहरूको आधिकारिक प्रतिनिधित्वको व्यवस्था गर्न तत्काल पत्राचार गर्ने।

११. प्रा. केदारभक्त माथेमा संयोजकत्वको चिकित्सा शिक्षासम्बन्धी नीति तर्ज'मा उच्चस्तरीय कार्यदलले दिएको प्रतिवेदनका बुँदाहरूमध्ये यसमा उल्लेख भएका बुँदाहरू बारे यसै अनुसार हुने। बाँकी बुँदामा मन्त्री परिषद्बाट स्वीकृत कार्ययोजना अनुसार हुने।

**पूरा भएका मागः**

**प्रक्रिया थालिएको/नथालिएकोः**चिकित्सा शिक्षा आयोग गठन भएको छैन। नीति तयार पारिएको छैन।

**कैफियतः** चिकित्सा शिक्षा आयोग गठन गर्ने भनिएपनि गठन नगरिएको।

सातौं अनशन

**मितिः** नाकान्दीका कारण २०७२ असोज २ देखि असोज १२ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-सुशील कोइराला
स्वास्थ्यमन्त्री-खगराज अधिकारी
शिक्षामन्त्री-चित्रलेखा यादव

**मागः** हालसम्मका सहमति कार्यान्वयन गर्न'पर्ने।

**सहमतिः** ४ बुँदे माग राखेर अनशन बसेका केसीले देशको संवेदनशील समयलाई ध्यानमा राख्दै १० दिनपछि अनशन अन्त्य गरे।

**पूरा भएका मागः**

**प्रक्रिया थालिएको/नथालिएकोः**

**कैफियतः** नाकान्दीका कारण २०७२ असोज २ देखि सुरु भएको अनशन असोज १२ गते फिर्ता

आठौं अनशन

**मितिः** २०७३ असार २६-साउन १० गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-केपी शर्मा ओली
स्वास्थ्यमन्त्री-रामजनम चौधरी
शिक्षामन्त्री-गिरीराजमणी पोखरेल

**मागः**

१. चिकित्सा शिक्षा ऐनको मस्यौदामा निम्न बुँदा लगायतका सुधार गरेर संसदको यही अधिवेशनबाट तुरुन्त सो ऐन पारित गरियोस्
   - सबै सरकारी मेडिकल शिक्षण संस्थाहरूको आर्थिक भार सरकारले बेहोर्दै तिनमा सबै सिट नि:शुल्क गरियोस्।
   - सबै प्रदेशमा कम्तिमा एउटा सरकारी मेडिकल कलेज पुऱ्याइयोस्।

- काठमाडौं उपत्यकामा आउँदो १० वर्षसम्म मेडिकल, डेन्टल र नर्सिङमा नयाँ सम्बन्धन नदिने र मनसायपत्र पाएकाहरूको मनसायपत्र नवीकरण नगरियोस्।
- अधिकतम शुल्क र सिट यो वर्ष शिक्षा मन्त्रालय, विश्वविद्यालयहरू र मेडिकल काउन्सिलले निर्धारण गरेझैं हुने व्यवस्था गरियोस्।
- आगामी शैक्षिक सत्रदेखि केन्द्रीय प्रवेश परीक्षा लिने व्यवस्था र त्यसका लागि आयोगले हाल प्रवेश परीक्षा लिइरहेका निकायहरूसित समन्वय गरोस्।

२. आफ्नो र आफन्तको निहित व्यापारिक स्वार्थका लागि मेरिटको भर्ना र निश्चित शुल्कमा भर्ना लगायत समग्र सुधारको प्रक्रिया अवरुद्ध पारेका, भ्रष्टहरूलाई संरक्षण दिएका र अरू जिम्मेवार पदाधिकारीलाई ब्ल्याकमेलिङ गरेर राजीनामा समेत गर्न वाध्य पारेका तथा कार्यक्षेत्र नाघेर काठमाडौं विश्वविद्यालयको प्रवेश परीक्षामा हस्तक्षेप गर्न लगाएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि तत्काल संसद्ले महाभियोगको प्रक्रिया अघि बढाओस्। र, सम्बन्धित आयुक्तहरूलाई पनि कारबाही गरियोस्।

३. माथेमा प्रतिवेदनको सुझाव विपरीत काठमाडौंमा खोल्ने भनेर प्रस्तावित प्रतिष्ठान सम्बन्धी हाल संसद्मा विचाराधीन विधेयक तत्काल फिर्ता गरियोस्।

४. विगतमा भएका निम्न लिखित सम्झौता लगायत सबै सम्झौता अविलम्ब कार्यान्वयन गरियो:
   - त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानमा तत्काल वरिष्ठताका आधारमा डीन नियुक्त गरियोस्।
   - अबको शैक्षिक सत्रदेखि मेरिटमा आधारित भर्ना, शुल्क र सिट सीमा लगायत बुँदाहरू कडाइका साथ कार्यान्वयन हुने व्यवस्था गरियोस्।
   - विश्वविद्यालयमा पदाधिकारी नियुक्तिमा राजनीतिक भागवण्डा अन्त्य गर्न शिक्षामन्त्रीको सट्टा दलीय सम्बद्धता नभएका विज्ञको नेतृत्वमा सर्च कमिटी बनाउने कानुनी व्यवस्था गरियोस्।
   - अनियमितता र भ्रष्टाचारमा मुछिएका आइओएम र त्रिविका पूर्वपदाधिकारीमाथि तत्काल छानबिन र कारबाही गरियोस्।

**सहमतिः**

१. देहाय बम्मोजिमका चिकित्सा शिक्षा सुधार सम्बन्धी कार्यहरू गर्ने:

(क) (१) नं. मागको पहिलो बुँदाको सम्बन्धमा सरकारी शिक्षण संस्थाहरूमा चिकित्साशास्त्र विषयको अध्ययनका लागि कम्तिमा ५० प्रतिशत सिट

संख्यामा नि:शुलक गर्ने विषय विधेयकमा समावेश रहेको र यसलाई पूर्व सम्झैता अनुसार क्रमश: वृद्धि गर्दै ७५ प्रतिशतसम्म पुयाउने।

(ख) (१) नं. मागको दोस्रो बुँदाको सम्बन्धमा सबै प्रदेशमा कम्तिमा एउटा सरकारी मेडिकल कलेज पुर्‍याउने प्रावधान प्रस्तावित विधेयमा समावेश गर्ने।

(ग) (१) नं. मागको तेस्रो बुँदाको सम्बन्धमा विगतमा भएको सम्झौतको भावना अनुसार काठमाडौँ उपत्यकाभित्र १० वर्षसम्म मेडिकल, डेन्टल र नर्सिङमा नयाँ सम्बन्धन नदिने र जारी भइसकेको मनशायपत्र नवीकरण सम्बन्धमा नेपाल सरकार र डा. गोविन्द केसीबीच मिति २०७२/५/१९ मा भएको सम्झौको बुँदा न १(ख) पालना गर्ने।

(घ) (१) नं. मागको चौथो बुँदाका सम्बन्धमा चिकित्सा शिक्षाको शुल्क र सिट संख्या निर्धारणको आधार चिकित्सा शिक्षा आयोगको क्षेत्राधिकारभित्र राखी सो आयोगले निर्धारण गरे बमोजिम हुनेगरी प्रस्तावित विधेयकमा उल्लेख भइसकेको। विगतमा भएको सम्झौताको भावना अनुसार शिक्षण शुल्क र सिट संख्या भने नियमावलीमा समावेश गर्नै।

(ङ) (१) नं. मागको पाँचौ बुँदाका सम्बन्धमा आगामी शैक्षिक सत्रदेखि केन्द्रीय प्रवेश परीक्षा लिने व्यवस्था गर्नका लागि सबै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा रहेको कानुनी व्यवस्थालाई सम्बोधन गरी केन्द्रीय प्रवेश परीक्षा लिने व्यवस्था सम्बन्धी विषय प्रस्तावित चिकित्सा शिक्षा विधेयकमा समावेश गरी विधेयक पारित भएपछि कार्यान्वयन गर्ने।

(च) प्रस्तावित विधेयकमा उल्लेखित परीक्षा सञ्चालन निर्देशनालयको नियमावली तर्ज'मा गर्दा हाल परीक्षा लिने सबै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानका विज्ञतालाई उपयोग गर्ने प्रावधान समावेश गर्ने।

२. (२) नं. मागको सम्बन्धमा यो विषय संसदको कार्यक्षेत्रभित्र पर्ने देखिएको र यो विषयले संसदमा प्रवेश पाइसकेको जानकारी हुन आएकाले केही गर्न नपर्ने।

३. (३) नं. मागको सम्बन्धमा नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडद्वारा प्रस्तावित स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको स्वयम्भुस्थित अस्पताल भवन र दहचोकस्थित बेसिक साइन्स भवन स्व. मनमोहन अधिकारीका नाममा सञ्चालन हुनेगरी विज्ञ टोलीको मूल्याकंनका आधारमा कानुनसम्मत तरिकाले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले खरिद गर्ने। सो प्रयोजनका लागि आवश्यक रकम नेपाल सरकारले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई उपलब्ध गराउने।

४) विगतमा भएका सम्झौताका सम्बन्धमा:

(क) (४) नं. मागको पहिलो बुँदाका सम्बन्धमा, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानको डीन अविलम्ब नियुक्ति गर्नका लागि त्रिविका उपकुलपतिलाई सहकुलपतिबाट निर्देशन दिने।

(ख) (४) नं. मागको दोस्रो बुँदाका सम्बन्धमा आगामी शैक्षिक सत्रदेखि मेरिटका आधारमा विद्यार्थी भर्ना गर्न र तोकिएको मापदण्ड अनुसारको शुल्क लिने व्यवस्थ गर्न विगतमा भएको परिपत्रको स्मरण गराउँदै शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयले सम्बद्ध विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई निर्देशन दिने। यसको प्रगति समय(समयमा सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउने।

(ग) (४) नं. मागको तेस्रो बुँदाका सम्बन्धमा, सरकारी शिक्षण संस्थाहरूमा नि:शुल्क स्नातकोत्तर गर्ने चिकित्सकहरूका लागि अध्ययनपछि अनिवार्य करारको अवधि सम्बन्धमा प्रस्तावित विधेयकमा व्यवस्था भए बमोजिम हुने।

(घ) (४) नं. मागको चौथो बुँदाका सम्बन्धमा, यो विषयमा शिक्षा मन्त्रालयबाट सम्बन्धित निकायमा कारबाहीका लागि पठाइसकिएको।

**पूरा भएका माग:**

**प्रक्रिया थालिएको/नथालिएको:**

**कैफियत:** आठौं पटक अनशनमा डा. केसीले राजनीतिक मुद्दालाई पनि पुरानासँग मिसाएर अघि बढे। चिकित्सा शिक्षा क्षेत्रमा अनावश्यक दु:ख दिएको भन्दै अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमान सिंह कार्कीलाई महाभियोग लगाउनुपर्ने केसीको प्रमुख माग थियो। यसपटक पनि सरकारसँग सम्झौता गरिएका पुरानो विषयलाई कार्यान्वयन गर्ने विषयमा सहमति भयो।

## नवौं अनशन

**मिति:** २०७३ असोज १०-२२ गतेसम्म

**सरकारको नेतृत्व:** प्रधानमन्त्री-पुष्पकमल दाहाल
स्वास्थ्यमन्त्री-गगनकुमार थापा
शिक्षामन्त्री-धनिराम पौडेल

**माग:**

१. चिकित्सा शिक्षा ऐन संसदको जारी अधिवेशनबाट पारित गर्न'पर्ने।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्की र आयुक्त राजनारायण सिंहलाई महाअभियोग लगाउनुपर्ने।

३. चिकित्सा शिक्षाको शुल्क माथेमा कार्यदलले सुझाए अनुसार लिनुपर्ने र त्यसपछि शुल्क समायोजनका लागि बनाइएको समिति खारेज गर्न'पर्ने।

४. चिकित्सा शिक्षा अध्ययन संस्थान (आइओएम) मा वरिष्ठताका आधारमा डीन नियुक्त गर्नुपर्ने, विचाराधीन विधेयक संसद्बाट फिर्ता लिनुपर्ने र आइओएमका भ्रष्टाचारीमाथि छानबिन र कारबाही गर्न'पर्ने, चिकित्सा शिक्षामा सुधार गर्न'पर्ने।

**सहमति:** २०७२ असोज १२ गते सुरु भएको केसीको नवौं अनशनको बेला दशैं नजिकिँदै थियो। सरकारले माग पूरा गर्ने चासो देखाएन। कार्कीमाथिको महाभियोग यस पटक पनि उनको एजेण्डामा थियो। सरकारसँग वार्तामा कुरा नमिले पनि १२ दिनपछि दशैंसम्मका लागि उनले अनशन स्थगित गरे।

**पूरा भएका माग:** नवौं पटकको यो अनशनमा चिकित्सा शिक्षा विधेयक तत्काल संसदमा पेश गर्ने र एमबिबिएस अध्ययनका लागि अधिकतम शुल्क ३५ लाख रुपैयाँ कायम गर्ने उनको माग थियो। वार्ताबाट उनका मागहरू सम्बोधन गर्ने सम्झौता भयो। डा. केसीको नवौं अनशन हुँदा नेपाली कांग्रेसका नेता गगन थापा स्वास्थ्यमन्त्री थिए। डा. केसीको स्वास्थ्य अवस्था कमजोर हुँदै गएको र चाडपर्व नजिकिएकाले अनशन तोडे।

**प्रक्रिया थालिएको/नथालिएको:**

**कैफियत:**

## दशौं अनशन

**मिति:** २०७३ कात्तिक २८-मङ्सिर १९ गते

**सरकारको नेतृत्व:** प्रधानमन्त्री-पुष्पकमल दाहाल
स्वास्थ्यमन्त्री-गगनकुमार थापा
शिक्षामन्त्री-धनिराम पौडेल

**माग:**

१. वरिष्ठताका आधारमा तत्काल आइओएममा डीन नियुक्त गरियोस्, साथै नियुक्तिमा चलखेल गर्ने त्रिवि उपकुलपति तीर्थ खनियाँलाई बर्खास्त गरियोस्।

२. एमबिबिएस र बिडिएस कार्यक्रमको शुल्क अघिल्लो साल कार्यान्वयनमा आएझैं (एमबिबिएस: उपत्यकाभित्र ३५ लाख, उपत्यकाबाहिर ३८ दशमलव ५ लाख, बिडिएस: २० लाख) यो वर्ष पनि कायम गर्न तत्काल विश्वविद्यालय हरूलाई निर्देशन दिइयोस्।

३. आइओएमलाई पूर्ण स्वायत्तता संस्था बनाइयोस्। त्यसो नहुन्जेल पहिलेको सहमतिबमोजिम अधिकतम आर्थिक, प्रशासनिक र शैक्षिक स्वायत्ततालाई पूर्ण कार्यान्वयनमा ल्याइयोस्।

४. चिकित्सा शिक्षा ऐन नआउँदै विस्तारित कार्यक्रम वा अन्य कुनै बहानामा नयाँ मेडिकल कलेजलाई सम्बन्धन नदिइयोस्।

५. संसदबाट चिकित्सा शिक्षा ऐन पारित गर्दा हामीले सुझाएका संशोधनहरू समेटेर तथा माथेमा प्रतिवेदन र विगतका सम्झौता अनुकुल हुनेगरी पारित गरियोस्। सरकारी शिक्षण संस्थाहरूमा शतप्रतिशत सिट नि:शुल्क (दुर्गममा र सरकारी विद्यालयहरूमा अध्ययन गरेका विद्यार्थीहरू र समाजमा अपेक्षित वर्गका लागि केही सिट सुरक्षीत हुनेगरी) गरियोस्।

६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीमाथि महाभियोग प्रक्रिया निस्कर्षमा पुर्‍याएर उनलाई जवाफदेही बनाइयोस् तथा मेडिकल शिक्षामा अझै बढी अनियमिततामा संलग्न आयुक्त राजनारायण पाठकमाथि समेत तत्काल छानविन अघि बढाइयोस्।

७. जयराम गिरी समितिले दोषी ठहर्‍याएका आइओएमका पूर्व पदाधिकारीलाई तत्काल कारबाही गरियोस्। मेडिकल शिक्षामा भएका अनियमिततामाथि छानविन गर्न न्यायिक जाँचबुझ आयोग पुन:गठन गरेर त्यसको कार्यक्षेत्रमा विभिन्न विश्वविद्यालय र प्रतिष्ठानमा परीक्षाका क्रममा भएका धाँधली एवम् अनियमितता, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरूले गरेका अनियमितता समेत समावेश गरियोस्।

८. विश्वविद्यालयका पदाधिकारी नियुक्त गर्नका लागि बन्ने सर्च कमिटी शिक्षा मन्त्रीको नभई स्वतन्त्र विज्ञको नेतृत्वमा हुने कानुनी व्यवस्था गर्ने विगतको सम्झौता तत्काल कार्यान्वयन गरियोस्।

९. प्रत्येक प्रदेशमा कम्तीमा एक सरकारी मेडिकल कलेज खोल्ने सम्झौता तुरुन्त कार्यान्वयन गरियोस्।

**सहमतिः**

१. चिकित्साशास्त्र अध्ययन संस्थानमा नयाँ डीन नियुक्ति भइसकेको।

२. सबै विश्वविद्यालय र प्रतिष्ठानको प्राज्ञिक मर्यादा कायम हुनेगरी संरचनामा परिवर्तन गर्न र प्राज्ञिक विशिष्टता तथा योग्यताका आधारमा सम्बन्धित संस्थाका सभा (सिनेट) बाट पदाधिकारी नियुक्ति गर्न मौजुदा कानुनमा आवश्यक परिवर्तन गर्ने मागका सन्दर्भमा तीन महिनाभित्र मस्यौदा तयार गरी कुलपति समक्ष पेश गर्न विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा उच्चस्तरीय समिति १५ दिनभित्र गठन गर्ने।

३. नेपाल सरकार मन्त्रिपरिषद, सामाजिक समितिको मिति २०७२/०५/३१ को बैठकको निर्णयको बुदा नं. ६ बमोजिम शैक्षिक वर्ष २०७३/७४ का लागि एमबिबिएसतर्फ उपत्यकाभित्र ३८ लाख ५० हजार र उपत्यका बाहिर ४२ लाख ४५ हजार रुपैयाँ र बिडिएसतर्फ १९ लाख ३२ हजार ६ सय १२ रुपैयाँ शुल्क कायम गर्ने। चिकित्सा शिक्षा आयोग गठन भई आयोगले शुल्क तोकेको अवस्थामा बाहेक यही शुल्कदर शैक्षिक वर्ष २०७४/७५ का लागि पनि कायम गर्ने। शैक्षिक वर्ष २०७४/७५ देखि विद्यार्थीले चिकित्सा शिक्षाको स्नातक र सोभन्दा माथिका तहमा केन्द्रीय योग्यताक्रम अनुसार भर्ना हुँदा कलेजलाई बुझाउनुपर्ने शुल्कको पहिलो किस्ता सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानको बैंक खातामा सोझै बुझाउने व्यवस्था गर्ने।

४. नेपाल सरकारका सचिव, शिक्षा मन्त्रालयल र आइओएमका डीनबीच मिति २०७०/११/३ मा सम्पन्न सम्झौताको खण्ड (क) को बुँदा अनुसार "त्रिभुवन विश्वविद्यालय अन्तर्गतको संस्थानसँग प्रस्ताव माग गरी उक्त प्रस्ताव २१ दिनभित्र विश्वविद्यालयको सभामा पेश गर्ने व्यवस्थाका लागि विश्वविद्यालयका उपकुलपतिलाई मिति २०७०/११/२ मा लेखी पठाइसकिएको" मा उक्त विषयमा उठान गरिएका कार्यहरू तत्काल कार्यान्वयन गर्न सहकुलपतिले त्रिभुवन विश्वविद्यालयलार्य पुन:निर्देश गर्ने।

५. राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७३ पारित नहुन्जेल नयाँ मनसायपत्र जारी गर्ने, पुराना आशयपत्रको नवीकरण गर्ने, नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिने र विस्तारित कार्यक्रमको अनुमति दिने कार्य नगर्ने र उक्त विधेयक पारित भएपछि सोही ऐनले व्यवस्था गरे बमोजिम हुने।

६. राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७३ व्यवस्थापिका संसद समक्ष पेश भई विचारधीन रहेको हुँदा संशोधन योग्य विषयक व्यवस्थापिका संसदबाट नै सम्बोधन हुने। दुर्गम र सरकारी विद्यालयमा अध्ययन पूरा गरेका विपन्न विद्यार्थीका

लगि छात्रवृत्ति ऐन, २०२१ बमोजिम प्रदान भई आएकोमा थप सुचिश्चितता गर्ने। सार्वजनिक शिक्षण संस्थाहरूका चिकित्सा शिक्षाका स्नातक तहमा हाल ५० प्रतिशत सिटमा नि:शुल्क अध्ययन गर्ने व्यवस्था गर्ने र यस्ता नि:शुल्क सिट सङ्ख्या क्रमश: शतप्रतिशत पुयाउने।

७. महाअभियोगको विषय व्यवस्थापिका संसदको क्षेत्राधिकारभित्र रहेको।

८. पूर्वशिक्षा सचिव जयराम गिरीको संयोजकत्वमा चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्जका सम्बन्धमा गरिएको छानबिन प्रतिवेदनमा कारबाहीको सिफारिस गरेको विषय अख्तियार दुरुपयोग अनुसन्धान, आयोगसँग सम्बन्धित देखिएको आधारमा मिति २०६७/१/२९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाइएकोमा सो सम्बन्धमा आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसनधान आयोग समक्ष पुन: लेखी पठाउने।

मेडिकल र डेन्टल कलेजहरूको सम्बन्धन (विस्तारित तथा नयाँ कार्यक्रम समेत), परीक्षा, शुल्क र सिट संख्या निर्धारण लगायत अन्य कार्यका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिलका पदाधिकारीबाट हालसम्म भएरगरेका काम कारबाही तथा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतृष्ठान अन्तर्गत चिकित्सा शिक्षाका परीक्षा र विद्यार्थी भर्नामा भएका विवादित गतिविधि समेतका विषयमा जाँचबुझ गरी आवश्यक कारबाहीका लागि नेपाल सरकारलाई तीन महिनाभित्र प्रतिवेदन दिन दुई जना विज्ञसहितको एक उच्चस्तरीय न्यायिक समिति १५ दिनभित्र गठन गर्ने।

९. एक प्रदेशमा कम्तिमा एक सरकारी मेडिकल कलेज स्थापना गर्ने नीति अनुरुप हालसम्मको अवस्था देहाय बमोजिम रहेकाले यी मेडिकल कलेजहरूको क्षमता बृद्धि र नयाँ कार्यक्रम सञ्चालनका लागि स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

**प्रदेश नं.** – १

शिक्षण संस्था- विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान

स्थान- धरान, सुनसरी

अवस्था - सञ्चालनमा रहेको।

**प्रदेशन नं.** – २

शिक्षण संस्था- वर्दिवास मेडिकल कलेज

स्थान- बर्दिवास, महोत्तरी

अवस्था- आर्थिक वर्ष ०७३र७४ को बजेट वक्तव्यको प्रकरण नं. २२४ मा

उल्लिखित एक प्रदेश एक मेडिकल कलेजको अवधारणा अनुरुप प्रदेश नं. २ को बर्दिवासमा मेडिकल कलेज स्थापनका लागि आवश्यक जग्गा तथा अन्य पूर्वाधार पहिचान, स्थानीय स्तरमा समन्वय र सम्भाव्यता समेतको अध्ययन गरी शिक्षा मन्त्रालयमा विस्तृत अध्ययन प्रतिवेदन पेश गर्नेगरी प्रारम्भिक कार्य समिति गठन गरिएको।

**प्रदेश नं. – ३**

शिक्षण संस्था- पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

वीर अस्पताल, काठमाडौँ, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज

स्थान- काठमाडौँ र ललितुर

अवस्था- सञ्चालनमा रहेको।

**गण्डकी प्रदेश**

शिक्षण संस्था- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्थान- पोखरा, कास्की

अवस्था- स्वास्थ्य मन्त्रालय मार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहको।

**पूरा भएका माग:** दशौं अनशनमा आठ बुँदे माग राख्दै केसीले अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमान सिंह कार्कीमाथिको महाभियोग निष्कर्षमा पुर्‍याउनुपर्ने र विगतमा भएका सम्झौता कार्यान्वयन गर्न माग गरे। नौ बुँदे सम्झौता भएसँगै डा. केसीले अनशन तोडे।

**प्रक्रिया थालिएको/नथालिएको:** बर्दिवास मेडिकल कलेज- आर्थिक वर्ष ०७३/७४ को बजेट वक्तव्यको प्रकरण नं. २२४ मा उल्लिखित एक प्रदेश एक मेडिकल कलेजको अवधारणा अनुरुप प्रदेश नं. २ को बर्दिवासमा मेडिकल कलेज स्थापनका लागि आवश्यक जग्गा तथा अन्य पूर्वाधार पहिचान, स्थानीय स्तरमा समन्वय र सम्भाव्यता समेतको अध्ययन गरी शिक्षा मन्त्रालयमा विस्तृत अध्ययन प्रतिवेदन पेश गर्नेगरी प्रारम्भिक कार्य समिति गठन गरिएको।

**कैफियतः** अहिले केसीको समर्थनमा भएका सबै जसो सडक आन्दोलनको अग्रपक्तिमा नेतृत्व दिदै रहेका तत्कालिन स्वास्थ्य मन्त्री गगन थापाले त्यसबेला केसीका सबै माग पुरा गरी तत्काल कार्यान्वयनमा लैजान आश्वासन दिए। त्यो आश्वासन आश्वासनमै सिमित रह्यो।

आर्थिक वर्ष २०७५/२०७६ को बजेटमा सातै प्रदेशमा मेडिकल खोल्न बजेट विनियोजन गरिएको छ।

## एघारौं अनशन

**मितिः** २०७४ साउन ९-२८ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-शेरबहादुर देउवा
स्वास्थ्यमन्त्री-दीपक बोहोरा
शिक्षामन्त्री-गोपालमान श्रेष्ठ

**मागः**

- त्रिवि शिक्षण अस्पतालको शैक्षिक कार्यक्रम र सेवा प्रवाहका सम्पूर्ण आर्थिक भार राज्यले व्यहोर्न'पर्ने।
- नर्स, आवासीय चिकित्सक, विद्यार्थीहरू तथा चिकित्सकका लागि नयाँ आवास तथा छात्रावासको व्यवस्था गर्न'पर्ने।
- अस्पतालको औषधि पसल विस्तार र सही व्यवस्थापन गरेर अस्पतालमा आएका सबै बिरामीलाई सस्तो र गुणस्तरीय औषधि उपलब्ध गराउनुपर्ने।
- संविधानमा लेखिएबमोजिम सबैखालका इमर्जेन्सी सेवा पूर्ण रूपमा निःशुल्क गर्न'पर्ने।
- शौचालयहरू थप्ने, सरसफाइका लागि आवश्यक सामग्रीको व्यवस्था गर्न'पर्ने।
- चिकित्सा शिक्षा विधेयक जस्ताको त्यस्तै संसद्बाट चाँडो पास गराउनुपर्ने।
- चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) लाई त्रिभुवन विश्वविद्यालयबाट स्वायतत्ता गराउनुपर्ने।

**सहमतिः** बाढी पहिरोका कारण देशमा सर्जित असहज परिस्थितिको कारण देखाउँदै अनशन स्थगित।

**पूरा भएका मागः**

**प्रक्रिया थालिएको/नथालिएकोः**

| | |
|---|---|
| **कैफियतः** | एघारौं अनशनमा केसीले चिकित्सा शिक्षा आयोग नबनुन्जेलसम्म मेडिकल शिक्षा सबै तहको शुल्क विश्वविद्यालयले नभई सरकारले तोक्ने व्यवस्था गर्न'पर्ने, सरकारी निर्देशन र अदालतले आदेश अटेरी गर्ने मेडिकल कलेजको सम्बन्धन तत्काल खारेज गरिनुपर्ने, एमडी, एमएस र एमडिएस तहको शुल्क त्यही शैक्षिक सत्रदेखि लागु हुने गरि काठमाडौं विश्वविद्यालयले जस्तै सबै निजी कलेजमा २२ लाख कायम गरिनु पर्ने माग राखे। ११ पटक अनशन बसेका डा. केसीलाई भेट्न पदिय मर्यादा समेत भुल्दै तत्कालीन राष्ट्रपति डा. रामवरण यादव समेत पुगे। उनले डा. केसीका सबै माग पूरा गर्ने वाचा समेत गरे। |

## बाह्रौं अनशन

| | |
|---|---|
| **मितिः** | २०७३ असोज ९-११ गते |
| **सरकारको नेतृत्वः** | प्रधानमन्त्री-शेरबहादुर देउवा<br>स्वास्थ्यमन्त्री-दीपक बोहोरा<br>शिक्षामन्त्री-गोपालमान श्रेष्ठ |

**मागः**

१. व्यवस्थापिका-संसद्बाट बहुचर्चित एवं बहुप्रतिक्षित राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७४ लाई संशोधनसहित पारित गर्नु पर्ने।

२. माथेमा प्रतिवेदन र आफ्ना सुझावलाई समेत समावेश गरी चिकित्सा शिक्षा ऐन पारित गर्न'पर्ने,

३. सरकारले निर्धारण गरेअनुसार नै काठमाडौं विश्वविद्यालयले एमबिबिएसको शुल्क लिनुपर्ने, त्रिविवि पदाधिकारीलाई पदबाट बर्खास्त गर्न'पर्ने।

४. बर्खास्त गरिएका नेपाल आयल निगमका कार्यकारी प्रमुखमाथि छानबिन गरी हिनामिना गरिएको भए सो रकम उसुलउपर गर्न'पर्ने,

५. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पठनपाठन तत्काल शुरु हुनुपर्ने,

६. देशका विभिन्न भागमा मेडिकल कलेज स्थापना गर्ने कार्य अगाडि बढाउनुपर्ने र

७. नेपाल चिकित्सक संघले उठान गरेका माग पूरा गर्न'पर्ने रहेका छन्।

**सहमतिः** दशैँको समय भएकाले अनशन स्थगित

**पूरा भएका मागः**

**प्रक्रिया थालिएको/नथालिएकोः**

**कैफियतः**

## तेह्रौं अनशन

**मितिः** २०७४ असोज १३-कात्तिक १ गते

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-शेरबहादुर देउवा
स्वास्थ्यमन्त्री-दीपक बोहोरा
शिक्षामन्त्री-गोपालमान श्रेष्ठ

**मागः**

१) माथेमा प्रतिवेदन तथा हाम्रा सुझावअनुरुप परिमार्जन गरेर तत्काल चिकित्सा शिक्षा ऐन पारित गरियोस्।

२) मेडिकल माफियासितको मिलेमतोमा एमबीबीएसका लागि सरकारले तोकेको भन्दा दशौं लाख बढी शुल्क अवैध रुपमा निर्धारण गर्ने काठमाडौं विश्वविद्यालयको निर्णय तत्काल खारेज गरी सरकारले तोकबमोजिम एमबीबीएसका लागि रु ३८,५०,००० (काठमाडौं उपत्यकाभित्र), रु ४२,४५,००० (उपत्यकाबाहिर) तथा बीडीएसका लागि रु १९,३२,६१२ कायम गरियोस्। माफियासित मिलेमतो गरेर अरबौंको चलखेल गर्ने डिन राजेन्द्र को जुलाई तत्काल बर्खास्त गरियोस्। त्रिविअन्तर्गतका निजी मेडिकल कलेजमा स्नातकोत्तरको शुल्क रु २२,५०,००० कायम गरियोस्।

अनियमिततापूर्वक धेरै शुल्क तोक्ने तथा खाली भवनलाई एमबीबीएसको सम्बन्धन दिने त्रिवि पदाधिकारीहरूलाई बर्खास्त गरी कारवाही गरियोस्। आइओएमबाट त्रिविले खोसेर लगेका अधिकारहरू तत्काल फिर्ता गरियोस्।

३) बर्खास्त गरिएका आयल निगमका प्रमुखमाथि छानविन गरेर उनले हिनामिना गरेको अर्बौं रुपैयाँ असुलउपर गर्दै कारवाही गरियोस्।

सोही भ्रष्टाचार काण्डमा उनीसित मिलेर भ्रष्टाचार गर्ने सबै तहका व्यक्तिहरू तथा भ्रष्टाचार गरेको पुष्टि भएर पनि कारवाहीमा नपरेका अन्य सार्वजनिक संस्थान, परिषद् र संस्थाका पदाधिकारीहरूमाथि समेत तत्काल पदच्युत गरेर छानविन तथा कारवाही गरियोस्।

४) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल अध्ययन-अध्यापन शुरु गर्ने गरी बजेट तथा अन्य व्यवस्था गरियोस्।

५. कैलाली र दाङका सरकारी मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। डोटी-डडेल्धुरा, धनुषा-महोत्तरी, उदयपुर, पाँचथर-तेह्रथुम आदि ठाउँमा तत्काल सरकारी मेडिकल कलेज खोल्ने प्रक्रिया अघि बढाइयोस्।

**सहमतिः**

१. सरकारले चिकित्सा शिक्षा विधेयक सरकारले अध्यादेशबाट ल्याउने।

२. त्रिभुवन र काठमाडौं विश्वविद्यालयका पदाधिकारीलाई छानबिनको निम्ति प्रक्रिया सुरु गर्ने काठमाडौं विश्वविद्यालयको शुल्क घोटालामा आरोपित पदाधिकारी तथा काठमाडौं नेसनल कलेजलाई सम्बन्धन दिइएको प्रकरणमा मुछिएका त्रिवि पदाधिकारीलाई छानबिन थाल्ने। सरकारतर्फबाट गौरीबहादुर कार्कीलाई छानबिनमा पठाउने।

३. चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) मा पोस्ट ग्रायजुएटको शुल्क कटौती गर्ने। हाल ३१ लाख रुपैयाँ लाग्दै आएकोमा २३ लाख लिने।

४. भुगोल र जनसंख्याका आधारमा इलाम, उदयपुर र डडेल्धुरामा खोल्ने। यसका लागि आगामी मन्त्रिपरिषद्ले मेडिकल कलेज खोल्ने प्रस्ताव स्वीकृत गरी बजेट दिने।

५. सिटिइभिटीबाट सम्बन्धन दिँदा भूगोल, जनसंख्या र आवश्यकताका आधारमा नक्सांकन गरी पूर्वाधार मापदण्ड पूरा गरेको खण्डमा मात्र सम्बन्धन दिने।

**पूरा भएका मागः** केसीको माग अनुसार नेपाल सरकारद्वारा २०७४ कार्तिक २४ गते राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश जारी।

**प्रक्रिया थालिएको/नथालिएकोः** माग पूरा

**कैफियतः**

- चिकित्सा शिक्षासँग सरोकार नै नभएको बर्खास्त गरिएका आयल निगमका प्रमुखमाथि छानविन गरेर उनले हिनामिना गरेको अर्बौं रुपैयाँ असुलउपर गर्दै कारवाहीको माग
- भ्रष्टाचार काण्डमा उनीसित मिलेर भ्रष्टाचार गर्ने सबै तहका व्यक्तिहरू तथा भ्रष्टाचार गरेको पुष्टि भएर पनि कारवाहीमा नपरेका अन्य सार्वजनिक संस्थान, परिषद् र संस्थाका पदाधिकारीहरूमाथि समेत तत्काल पदच्युत गरेर छानविन तथा कारवाही गरियोस्।

# चौधौं अनशन

| | |
|---|---|
| **मितिः** | २०७४ पुस २४-पुस २९ गते |
| **सरकारको नेतृत्वः** | प्रधानमन्त्री-शेरबहादुर देउवा<br>स्वास्थ्यमन्त्री-दीपक बोहोरा<br>शिक्षामन्त्री-गोपालमान श्रेष्ठ |

**मागः**

- पदीय मर्यादाविपरीत न्यायालयमा भ्रष्टाचार संस्थागत गर्ने तथा न्यायलाई बिक्रीको विषय बनाउने भ्रष्ट प्रधान न्यायधीश गोपाल पराजुलीद्वारा पदबाट तत्काल राजीनामा गरियोस्। तत्पश्चात उनका भ्रष्ट क्रियाकलापहरूमाथि छानविन र कारवाही गरियोस्।
- चिकित्सा शिक्षा आयोग तत्काल गठन गरियोस्।
- आइओएमका डिनमा विधिवत रुपमा वरिष्ठताका आधारमा नियुक्त भएका व्यक्तिलाई कायम गरियोस्। माफिया डिनको पुनर्वहाली तुरुन्त खारेज गरियोस्।
- मेडिकल माफियासितको मिलेमतोमा अवैध रुपमा खाली भवनलाई सम्बन्धन दिने, आइओएमको अधिकार नाजायज रुपमा खोसेर दुरुपयोग गर्ने तथा दलीय भागवण्डाबाट नियुक्त भएका त्रिवि पदाधिकारीहरूलाई बर्खास्त गरियोस्।
- त्रिवि शिक्षण अस्पताल सुधार सम्बन्धी हामीले राखेका मागहरू पूरा गरियोस्।

**सहमतिः**

मिति २०७४/९।/८ गते नेपाल सरकारका तर्फबाट स्वास्थ्य मन्त्री दीपक बोहरा र सत्याग्रहरत डा गोविन्द केसीबीच भएको सम्झौताः

१) चिकित्सा शिक्षा अध्यादेशको दफा ५ बमोजिमको चिकित्सा शिक्षा आयोगलाई पूर्णता दिन दफा २३ बमोजिमको सिफारिस समिति आजको मितिले ७ दिनभित्र गठन गर्ने।

२) श्री सर्वोच्च अदालतको मिति २०७४।९।२३ गतेको मुद्दा नं ०७०-WO-०५७१ को उत्प्रेषण मुद्दामा आदेश हुँदा "जहाँसम्म हाल नियुक्त भएका प्रा डा जगदीश प्रसाद अग्रवालको नियुक्ति छ, सो नियुक्तिलाई गैर कानुनी हो भन्ने पुष्टि गर्ने आधार नभएको भनी गरिएको आदेश अनुसार नै निज डिन अग्रवालको नियुक्ति वैध भएको हुँदा निजको नियुक्तिलाई नै निरन्तरता दिन त्रिभुवन विश्वविद्यालयका कुलपतिमार्फत सम्बन्धित निकायलाई निर्देशन दिने।

३) त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम)को खोसिएको अधिकार फिर्ता

गर्ने सम्बन्धमा यस अगाडि गरिएका सम्झौताहरू कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालयका कुलपतिले यथाशीघ्र र यथोचित कदम लिने। आइओएमको अधिकार फिर्तासम्बन्धी त्रिवि नियमावली संशोधन गर्नका लागि तत्काल त्रिवि सभा (सिनेट)को विशेष बैठक बोलाउने।

४) त्रिवि शिक्षण अस्पताल सुधार सम्बन्धी मागसम्बन्धमा त्रिवि शिक्षण अस्पतालको भौतिक पूर्वाधारको सुधार र अभिवृद्धि, जनशक्तिको उचित व्यवस्था, सर्वसाधारणलाई दिइने सेवा र सुविधामा बिस्तारका लागि आइओएम डिन कार्यालयले राख्ने बिस्तारित प्रस्तावमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले आवश्यक आर्थिक व्यवस्था गर्ने।

५) डा गोविन्द केसीले आमरण अनशनको कार्यक्रम अन्त गर्ने।

**पूरा भएका मागः** सर्वोच्चको आदेश अनुसार नै डीनमा डा. जगदीशप्रसाद अग्रवालको नियुक्ति भएको हुँदा उनकै नियुक्तिलाई निरन्तरता दिन कुलपतिमार्फत निर्देशन दिने।

**प्रक्रिया थालिएको/नथालिएकोः**

- चिकित्सा शिक्षा आयोगलाई पूर्णता दिन ७ दिनभित्र सिफारिस समिति गठन गर्ने भनिएकामा सो नभएको।
- त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानको खोसिएको अधिकार फिर्ता गर्ने बारे नियमावली संशोधन गर्न तत्काल त्रिवि सभाको विशेष बैठक बोलाउने भनिए पनि बोलाएको पाइएन।

**कैफियतः**

- यो अनशनमा पदीय मर्यादाविपरीत न्यायालयमा भ्रष्टाचार संस्थागत गर्ने तथा न्यायलाई बिक्रीको विषय बनाएको आरोपमा प्रधानन्यायधीश गोपाल पराजुलीले पदबाट तत्काल राजीनामा गरुन् भन्ने माग राखे। उनका पुराना माग पनि यथावत नै थिए। सरकारसँग पाँच बुँदे सहमति भएपछि डा. केसीले अनशन तोडेका थिए। यहाँसम्म केसीका माग देउवा सरकारको कुनै ठुलो सरोकार थिएन। तत्काल सम्बोधन गर्न सकिने मुद्दा पनि असरल्ल नै थिए। खाली बदलिंदो राजनीतिक परिवेशका कारण लोकमान सिंह कार्की माथी महाअभियोग दर्ता गरियो। तर त्यो केसीको माग सम्बोधन गर्न दर्ता भएको थिएन।
- जन्म मिति विवादमा सर्बोच्च अदालतका महान्यायाधीश गोपाल पराजुली विवादित हुँदै पदमुक्त भए। तर, परिस्थिति फेरिइसकेको थियो। दुई ठूला कम्युनिष्ट पार्टी एमाले र माओवादीले असोज १७ वाम गठबन्धन घोषणा गर्दै संयुक्त चुनाव लड्ने देखि पार्टी एकतासम्म गर्ने निर्णय गरि सकेका थिए। देउवा सरकारले विगत

सात पटकसम्म केही नगरेपनि निर्वाचनमा मुखमा लोकप्रिय होइने र पछि बन्ने सरकारलाई अपठ्यारो पार्ने नियतबस नै चिकित्सा शिक्षा अध्यादेश कार्त्तिक ७ गते जारी गऱ्यो। देउवा सरकारको त्यही अध्यादेश हाल जारी १५ औं अनशनको कारक हो।

## पाँचौं अनशन

**मितिः** २०७५ असार १६ गतेदेखि

**सरकारको नेतृत्वः** प्रधानमन्त्री-केपी शर्मा ओली
स्वास्थ्यमन्त्री-उपेन्द्र यादव
शिक्षमन्त्री-गिरीराजमणी पोखरेल

**मागः**

१. चिकित्सा शिक्षा अध्यादेश प्रतिस्थापन विधेयक तत्काल संसद्मा पेस गरेर स्नातकोत्तर तहपछि सेवा अवधिबाहेक बाँकी बुँदाहरूमा कुनै परिवर्तन नगरी यथार्थ रूपमा पारित गरियोस्। तत्पश्चात् अविलम्ब चिकित्सा शिक्षा आयोगलाई कार्यकारी उपाध्यक्षसहित पूर्णता दिएर मात्र साझा प्रवेश परीक्षा सञ्चालनलगायतका काम सुचारु गरियोस्।

२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अविलम्ब एमबिबिएसलगायत स्नातक तहका विद्यार्थी भर्ना गर्ने गरी पूर्वाधार र जनशक्ति कायम गरियोस्। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र गेटा मेडिकल कलेजको काम शीघ्र अघि बढाइयोस्। पाँचथर इलाम, डडेलधुरा, डोटी र उदयपुरमा सरकारी मेडिकल स्थापना गरियोस्।

३. माइतीघर मण्डला क्षेत्रमा प्रदर्शन निषेध गर्ने निर्णय तत्काल सदाका लागि फिर्ता गरियोस्।

४. चिकित्सा शिक्षासम्बन्धी न्यायिक जाँचबुझ आयोगले दोषी ठहर्याएका पदाधिकारीलाई आयोगको सिफारिसबमोजिम कारबाही गरियोस्। त्रिविले खोसेका अधिकारहरू आइओएममा फिर्ता गर्दै आइओएमलाई थप स्वायत्तता दिइयोस्।

५. विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा बनेको पदाधिकारी मापदण्ड निर्धारण समितिको प्रतिवेदन कार्यान्वयन गरियोस्।

६. कथित छात्रवृत्ति व्यवस्थापन तथा परिचालन कार्यविधि २०७५ खारेज गरी चिकित्सा शिक्षा ऐनमा स्नातकोत्तर तहको छात्रवृत्तिपछि २ वर्ष अनिवार्य सेवाको व्यवस्था गरियोस्। आमागी शैक्षिक सत्रदेखि सबै संस्थामा समेत चिकित्साको स्नातकोत्तर तह निःशुल्क गरियोस्।

७. पठनपाठन ठप्प भइसकेको जानकी मेडिकल कलेजका विद्यार्थीलाई उचित व्यवस्थापन गर्दै विद्यार्थीलाई अलपत्र पार्नमा जिम्मेवार व्यक्तिहरूलाई तत्काल कारबाही गरियोस्। तथा प्रदेश २ मा सरकारी मेडिकल कलेज खोल्ने काम तत्काल सुरु गरियोस्।

**सहमतिः**

**पूरा भएका मागः**

**प्रक्रिया थालिएको/नथालिएकोः**

- संसदमा पेश विधेयकको संशोधनका लागि सत्ता पक्षका सांसदहरूद्वारा संशोधन दर्ता।
- सहमति कार्यान्वयनको प्रक्रियामा।
- त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानको खोसिएको अधिकार फिर्ता गर्ने बारे नियमावली संशोधन गर्न तत्काल त्रिवि सभाको विशेष बैठक बोलाउने भनिए पनि बोलाएको पाइएन।

**कैफियतः**

- यो अनशनमा पदीय मर्यादाविपरीत न्यायालयमा भ्रष्टाचार संस्थागत गर्ने तथा न्यायलाई बिक्रीको विषय बनाएको आरोपमा प्रधानन्यायधीश गोपाल पराजुलीले पदबाट तत्काल राजीनामा गरुन् भन्ने माग राखे। उनका पुराना माग पनि यथावत नै थिए। सरकारसँग पाँच बुँदे सहमति भएपछि डा. केसीले अनशन तोडेका थिए। यहाँसम्म केसीका माग देउवा सरकारको कुनै ठुलो सरोकार थिएन। तत्काल सम्बोधन गर्न सकिने मुद्दा पनि असरल्ल नै थिए। खाली बदलिंदो राजनीतिक परिवेशका कारण लोकमान सिंह कार्की माथी महाअभियोग दर्ता गरियो। तर त्यो केसीको माग सम्बोधन गर्न दर्ता भएको थिएन।
- जन्म मिति विवादमा सर्बोच्च अदालतका महान्यायाधीश गोपाल पराजुली विवादित हुँदै पदमुक्त भए। तर, परिस्थिति फेरिइसकेको थियो। दुई ठूला कम्युनिष्ट पार्टी एमाले र माओवादीले असोज १७ वाम गठबन्धन घोषणा गर्दै संयुक्त चुनाव लड्ने देखि पार्टी एकतासम्म गर्ने निर्णय गरि सकेका थिए। देउवा सरकारले विगत सात पटकसम्म केही नगरेपनि निर्वाचनमा मुखमा लोकप्रिय होइने र पछि बन्ने सरकारलाई अपठ्यारो पार्ने नियतबस नै चिकित्सा शिक्षा अध्यादेश कार्त्तिक ७ गते जारी गऱ्यो। देउवा सरकारको त्यही अध्यादेश हाल जारी १५ औं अनशनको कारक हो।

# चिकित्सा शिक्षा र स्वास्थ्य सेवासम्बन्धी विद्यमान ऐनहरू[१]

१) आयुर्वेद चिकित्सा परिषद ऐन, २०४५
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%86%e0%a4%af%e0%a5%81%e0%a4%b0%e0%a5%8d%e0%a4%b5%e0%a5%87%e0%a4%a6-%e0%a4%9a%e0%a4%bf%e0%a4%95%e0%a4%bf%e0%a4%a4%e0%a5%8d-%e0%a4%b8%e0%a4%be-%e0%a4%aa%e0%a4%b0%e0%a4%bf%e0%a4%b7%e0%a4%a6-2.pdf/

२) औषधि ऐन, २०३५
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%94%e0%a4%b7%e0%a4%a7%e0%a4%bf-%e0%a4%8f%e0%a5%87%e0%a4%a8-%e0%a5%a8%e0%a5%a6%e0%a5%a9%e0%a5%ab-2.pdf/

३) काठमाडौं विश्वविद्यालय ऐन, २०४८
http://www.lawcommission.gov.np/documents/2017/06/%e0%a4%95%e0%a4%be%e0%a4%a0%e0%a4%ae%e0%a4%be%e0%a4%a1%e0%a4%be%e0%a5%88%e0%a4%82-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%b5%e0%a4%bf%e0%a4%a6%e0%a5%8d%e0%a4%af%e0%a4%be%e0%a4%b2%e0%a4%af.pdf/

४) केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४
http://www.lawcommission.gov.np/documents/2018/01/%e0%a4%95%e0%a5%87%e0%a4%b9%e0%a5%80-%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%95%e0%a4%be%e0%a4%a8%e0%a5%82%e0%a4%a8%e0%a4%b2%e0%a4%be%e0%a4%b0%e0%a5%8d%e0%a4%87-%e0%a4%b8%e0%a4%82.pdf/

५) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३
http://www.lawcommission.gov.np/documents/2015/08/%e0%a4%9a%e0%a4%bf%e0%a4%95%e0%a4%bf%e0%a4%a4%e0%a5%8d%e0%a4%b8%e0%a4%be-%e0%a4%b5%e0%a4%bf%e0%a4%9c%e0%a5%8d%e0%a4%9e%e0%a4%be%e0%a4%a8-%e0%a4%b0%e0%a4%be%e0%a4%b7%e0%a5%8d%e0%a4%9f%e0%a5%8d%e0%a4%b0.pdf/

१ २०७५ साल भदौ ११ गते हेरिएको

६) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९
http://www.lawcommission.gov.np/documents/2015/08/%e0%a4%a4%e0%a5%8d%e0%a4%b0%e0%a4%bf%e0%a4%ad%e0%a5%81%e0%a4%b5%e0%a4%a8-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%b5%e0%a4%bf%e0%a4%a6%e0%a5%8d%e0%a4%af%e0%a4%be%e0%a4%b2%e0%a4%af-%e0%a4%90.pdf/

७) नेपाल खुला विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३
http://www.lawcommission.gov.np/documents/2016/10/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%96%e0%a5%81%e0%a4%b2%e0%a4%be-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5-%e0%a4%b5%e0%a4%bf%e0%a4%a6%e0%a5%8d%e0%a4%af%e0%a4%be%e0%a4%b2.pdf/

८) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%a8%e0%a4%b0%e0%a5%8d%e0%a4%b8%e0%a4%bf%e0%a4%99%e0%a5%8d%e0%a4%97-%e0%a4%aa%e0%a4%b0%e0%a4%bf%e0%a4%b7%e0%a4%a6%e0%a5%8d-%e0%a4%8f%e0%a5%87-2.pdf/

९)नेपाल फार्मेसी परिषद् ऐन, २०५७
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%ab%e0%a4%be%e0%a4%b0%e0%a5%8d%e0%a4%ae%e0%a5%87%e0%a4%b8%e0%a5%80-%e0%a4%aa%e0%a4%b0%e0%a4%bf%e0%a4%b7%e0%a4%a6%e0%a5%8d-%e0%a4%8f%e0%a5%87-2.pdf/

१०) नेपाल मेडिकल काउन्सिल ऐन, २०२०
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%ae%e0%a5%87%e0%a4%a1%e0%a4%bf%e0%a4%95%e0%a4%b2-%e0%a4%95%e0%a4%be%e0%a4%89%e0%a4%a8%e0%a5%8d%e0%a4%b8%e0%a4%bf%e0%a4%b2-%e0%a4%8f%e0%a5%87-2.pdf/

११) नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७
http://www.lawcommission.gov.np/documents/2017/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%b8%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a5%8d%e0%a4%af-%e0%a4%85%e0%a4%a8%e0%a5%81%e0%a4%b8%e0%a4%a8%e0%a5%8d%e0%a4%a7-2.pdf/

१२) नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३

http://www.lawcommission.gov.np/documents/2017/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%b8%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a5%8d%e0%a4%af-%e0%a4%b5%e0%a5%8d%e0%a4%af%e0%a4%b5%e0%a4%b8%e0%a4%be%e0%a4%af-3.pdf/

१३) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
http://www.lawcommission.gov.np/documents/2017/08/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%b8%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a5%8d%e0%a4%af-%e0%a4%b8%e0%a5%87%e0%a4%b5%e0%a4%be-%e0%a4%8f%e0%a5%87%e0%a4%a8.pdf/

१४) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४
http://www.lawcommission.gov.np/documents/2017/08/%e0%a4%aa%e0%a4%be%e0%a4%9f%e0%a4%a8-%e0%a4%b8%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a5%8d%e0%a4%af-%e0%a4%b5%e0%a4%bf%e0%a4%9c%e0%a5%8d%e0%a4%9e%e0%a4%be%e0%a4%a8-%e0%a4%aa-2.pdf/

१५) पोखरा विश्वविद्यालय ऐन, २०५३
http://www.lawcommission.gov.np/documents/2017/06/%e0%a4%aa%e0%a5%8b%e0%a4%96%e0%a4%b0%e0%a4%be-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%bf%e0%a4%a6%e0%a5%8d%e0%a4%af%e0%a4%be%e0%a4%b2%e0%a4%af-%e0%a4%8f%e0%a5%87.pdf/

१६) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%aa%e0%a5%8b%e0%a4%96%e0%a4%b0%e0%a4%be-%e0%a4%b8%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%b8%e0%a5%8d%e0%a4%a5%e0%a5%8d%e0%a4%af-%e0%a4%b5%e0%a4%bf%e0%a4%9c%e0%a5%8d%e0%a4%9e%e0%a4%be%e0%a4%a8.pdf/

१७) पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०
http://www.lawcommission.gov.np/documents/2017/06/%e0%a4%aa%e0%a5%82%e0%a4%b0%e0%a5%8d%e0%a4%b5%e0%a4%be%e0%a4%9e%e0%a5%8d%e0%a4%9a%e0%a4%b2-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%b5%e0%a4%bf%e0%a4%a6%e0%a5%8d%e0%a4%af%e0%a4%be-3.pdf/

१८) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५
http://www.lawcommission.gov.np/documents/2015/08/%e0

%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%be%e0%a4%b5%e0%a4%bf%e0%a4%a7%e0%a4%bf%e0%a4%95-%e0%a4%b6%e0%a4%bf%e0%a4%95%e0%a5%8d%e0%a4%b7%e0%a4%be-%e0%a4%a4%e0%a4%a5%e0%a4%be-%e0%a4%b5%e0%a5%8d%e0%a4%af.pdf/

१९) मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७
http://www.lawcommission.gov.np/documents/2017/06/%e0%a4%ae%e0%a4%a7%e0%a5%8d%e0%a4%af%e0%a4%aa%e0%a4%b6%e0%a5%8d%e0%a4%9a%e0%a4%bf%e0%a4%ae%e0%a4%be%e0%a4%9e%e0%a5%8d%e0%a4%9a%e0%a4%b2-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%b5-2.pdf/

२०) मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५
http://www.lawcommission.gov.np/documents/2018/08/%e0%a4%ae%e0%a4%be%e0%a4%a8%e0%a4%b5-%e0%a4%b6%e0%a4%b0%e0%a5%80%e0%a4%b0%e0%a4%95%e0%a5%8b-%e0%a4%85%e0%a4%99%e0%a5%8d%e0%a4%97-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%a4%e0%a5%8d%e0%a4%af%e0%a4%be-2.pdf/

२१)मुलुकी अपराध (संहिता) ऐन, २०७४
http://www.lawcommission.gov.np/documents/2017/10/%e0%a4%ae%e0%a5%81%e0%a4%b2%e0%a5%81%e0%a4%95%e0%a5%80-%e0%a4%85%e0%a4%aa%e0%a4%b0%e0%a4%be%e0%a4%a7-%e0%a4%b8%e0%a4%82%e0%a4%b9%e0%a4%bf%e0%a4%a4%e0%a4%be-%e0%a4%8f%e0%a5%87%e0%a4%a8-%e0%a5%a8.pdf/

२२) लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३
http://www.lawcommission.gov.np/documents/2017/05/%e0%a4%b2%e0%a5%81%e0%a4%ae%e0%a5%8d%e0%a4%ac%e0%a4%bf%e0%a4%a8%e0%a5%80-%e0%a4%ac%e0%a5%88%e0%a4%a6%e0%a5%8d%e0%a4%a7-%e0%a4%b5%e0%a4%bf%e0%a4%b6%e0%a5%8d%e0%a4%b5%e0%a4%b5%e0%a4%bf%e0%a4%a6.pdf/

२३) वी.पी कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३
http://www.lawcommission.gov.np/documents/2017/08/%e0%a4%b5%e0%a5%80-%e0%a4%aa%e0%a5%80-%e0%a4%95%e0%a4%be%e0%a5%87%e0%a4%b0%e0%a5%8d%e0%a4%87%e0%a4%b0%e0%a4%be%e0%a4%b2%e0%a4%b-

# विश्वविद्यालय र मेडिकल कलेजहरू

**कूल विश्व विद्यालय**

| क्रस | विश्वविद्यालयको नाम | स्थान | सम्बन्धन | प्रदेश | स्थापना वर्ष |
|---|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | किर्तिपुर | सबैलाई | ३ | बिसं २०१६ |
| २ | काठमाडौँ विश्वविद्यालय | धुलिखेल | सबैलाई | ३ | बिसं २०४८ |
| ३ | पोखरा विश्वविद्यालय | लेखनाथ | सबैलाई | गण्डकी | सन् १९९६ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | विराटनगर | सबैलाई | १ | बिसं २०५६ |
| ५ | नेपाल संस्कृत विश्वविद्यालय | त्रिभुवननगर, दाङ | मेडिकललाई नसक्ने | ५ | सन् १९८६ |
| ६ | लुम्बिनी बौद्ध विश्वविद्यालय | लुम्बिनी | मेडिकललाई नसक्ने | ५ | सन् २००५ |
| ७ | मध्यपश्चिमाञ्चल विश्वविद्यालय | वीरेन्द्रनगर | सबैलाई | कर्णाली | सन् २००९ |
| ८ | सुदूरपश्चिम विश्वविद्यालय | महेन्द्रनगर | सबैलाई | ७ | सन् २०१० |
| ९ | कृषि तथा वन विज्ञान विश्वविद्यालय | चितवन | मेडिकललाई नसक्ने | ३ | सन् २०१० |
| १० | विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | धरान | मेडिकललाई मात्र | १ | बिसं २०४९ |
| ११ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | ललितपुर | मेडिकललाई मात्र | ३ | |
| १२ | राजर्शी जनक विश्वविद्यालय | जनकपुर | सबैलाई | २ | बिसं २०७४ |
| १३ | खुल्ला विश्वविद्यालय | ललितपुर | मेडिकललाई नसक्ने | ३ | सन् २०१६ |

| त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल कलेजहरू | | | | |
|---|---|---|---|---|
| क्रस | नाम | ठेगाना | प्रदेश | कैफियत |
| १ | आइओएम | महाराजगञ्ज | ३ | शिक्षण अस्पताल |
| २ | नेपाल मेडिकल कलेज | विरगञ्ज | २ | |
| ३ | युनिभर्सल मेडिकल कलेज | भैरहवा | ५ | |
| ४ | जनकी मेडिकल कलेज | जनकपुर | २ | बन्द |
| ५ | किष्ट मेडिकल कलेज | इमाडोल | ३ | |
| ६ | चितवन मेडिकल कलेज | भरतपुर | ३ | |
| ७ | गण्डकी मेडिकल कलेज | पोखरा | गण्डकी | |
| ८ | नेपाल आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्स | भण्डारखाल, काठमाडौं | ३ | |

| काठमाडौँ विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल कलेजहरू | | | | |
|---|---|---|---|---|
| क्रस | नाम | ठेगाना | प्रदेश | कैफियत |
| १ | कलेज अफ मेडिकल साइन्स | भरतपुर | ३ | |
| २ | नेपालगञ्ज मेडिकल कलेज | चिसापानी, नेपालगञ्ज | ५ | |
| ३ | काठमाडौँ मेडिकल कलेज | सिनामङ्गल | ३ | |
| ४ | नेपाल मेडिकल कलेज | जोरपाटी | ३ | |
| ५ | केयु स्कुल अफ मेडिकल साइन्स | धुलिखेल | ३ | |
| ६ | लुम्बिनी मेडिकल कलेज | तानसेन, पाल्पा | ५ | |
| ७ | नोबेल मेडिकल कलेज | विराटनगर | १ | |
| ८ | मणिपाल मेडिकल कलेज अफ मेडिकल साइन्स | पोखरा | गण्डकी | |

## सन्दर्भ–सूची


- राष्ट्रिय चिकित्सा विधेयक-२०७५: http://hr.parliament.gov.np/uploads/attachments/koc5zdakxo8gvzkr.pdf
- राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश-२०७५ (प्रमाणीकरण तथा प्रकाशन मिति २०७४ कार्तिक २४)
- इन्सेक अनलाइन
- इन्सेकले प्रकाशन गरेका प्रेस विज्ञप्ति
- इन्सेक मानव अधिकार पुस्तकालय: http://insecresources.org.np/?c=3636&k=42e8a17535
- दैनिक पत्रपत्रिकाहरू (कान्तिपुर, नागरिक, नयाँपत्रिका, राजधानी, अन्नपूर्ण पोष्ट, कारोबार, नेपाल समाचारपत्र) अनलाइन साइटहरू (अनलाइन खबर, नेपाललाइभ, देशसञ्चार, स्वास्थ्यखबर, दैनिकी, नयाँपेज, दैनिक नेपाल, सेतोपाटी, रातोपाटी, बाह्रखरी)
- केसी र सरकारबीच भएका सहमति (दस्तावेज)
- एबिसी टेलिभिजन
- नेपाल ल कमिशन